मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक २४६ | २०८० साल साउन ०१ गते सोमबार | Monday 17, July 2023 | सूर्योदय: बिहान ५:२१ बजे | सूर्यास्त: साँझ ७:१ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# हरियो झण्डाले गरेको समृद्धि संकेत

## 'रेल्वे सेवा विस्तारमा भारतको सहयोग, अहिले नाफा खोज्ने बेला भएको छैन'



जनकपुरधामसम्म रेल सेवा सञ्चालन गरेको १५ महिनापछि रेलसेवा विस्तार गरी भंगाहा स्टेसनसम्म रेल सेवा सञ्चालन गर्न रेल्वे कम्पनी सफल भएको छ ।

**निरञ्जनकुमार झा,**
महाप्रबन्धक, नेपाल रेल्वे कम्पनी



"जयनगर–जनकपुरधाम–कुर्था हुँदै कुल ३५ किलोमिटरसम्म रेलखण्डमा प्रतिदिन दुई पटक रेल्वेसेवा सञ्चालन हुँदै आएको छ । अब जयनगर–बिजलपुरासम्म रेल सञ्चालन हुँदा जयनगर–जनकपुर–कुर्थामा समेत एकपटक सेवा थप हुने छ । जयनगरदेखि भंगाहा स्टेसनसम्म ५२ किलोमिटर रेलखण्डमा रेल सञ्चालन हुने छ ।"

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
२१ वर्षपछि महोत्तरीको भंगाहा (बिजलपुरा) सम्म रेलसेवा पुनः सञ्चालनमा आएको छ ।
आइतबार संघीय सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले हरियो झण्डा फहराउँदै रेलसेवा उद्घाटन गरे ।
भौतिक पूर्वाधार तथा यातायात मन्त्री ज्वालाले रेलसेवा विस्तारले नेपाल–भारतबीच थप सुमधुर सम्बन्ध बनेको बताए । 'रेलसेवा विस्तारले नेपाल र भारत दुवैतर्फका जनताका सामाजिक र सांस्कृकित सम्बन्ध थप मजबुत हुने छ,' उनले भने, 'रेल्वे सेवा सञ्चालनले दुवै तर्फबाट आवतजावतमा समेत निर्बाधरुपमा मदत मिल्ने छ ।'
मन्त्री ज्वालाले भारत सरकारले रेल्वे सेवा सञ्चालनमा विभिन्न किसिमको सहयोग गरिरहेको भन्दै अहिले पनि भारतले निरन्रतररुपमा सहयोग भइरहेको बताए । रेल सेवा उद्घाटनक्रममा उनले मुलुकले यातायात क्षेत्रमा फड्को मारेको बताए । बिजलपुरापछि छिट्टै बर्दिबाससम्म र त्यसपछि बाराको निजगढसम्म रेल सेवा विस्तार गर्ने योजना रहेको बताए । उनले निजगढ–काठमाडौं रेल सञ्चालनका लागि समेत डिपिआर तयार भइसकेकाले रेलको माध्यमबाट त्रिदेशीय सम्बन्ध सुदृढ गर्न सरकार प्रतिवद्ध रहेको बताए ।
उनले भारतको बथनाहादेखि विराटनगरसम्म छिट्टै कार्गो रेल सेवा सञ्चालन हुने जानकारी दिए । उनले भने, 'हामी कार्गो रेल सञ्चालनको तयारीमा जुटेका छौं ।' उनले थपे, 'मुलुकको आर्थिक समुन्नति र व्यापार व्यवसाय प्रवद्र्धनका लागि रेल्वेको महत्वपूर्ण भूमिका हुन्छ । यसको विकास र विस्तारका लागि सरकार प्रतिवद्ध छ ।'
त्यस्तै मधेश प्रदेशका भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री गोविन्दबहादुर न्यौपानेले यात्री रेल सेवाले यातायातको क्षेत्रमा सुविधा थपे पनि मुलुकको अर्थतन्त्रलाई टेवा दिन कार्गो रेल सञ्चालनका लागि पनि भारतसँग समन्वय र सहकार्य गरिनु पर्ने बताए ।
त्यसैगरी भंगहा नगरपालिका मेयर सञ्जीव साह तथा रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक निरञ्जन झाले रेल्वे सेवाको विविध पक्षमा प्रकाश पार्दै यसले समाजदेखि मुलुकसम्म पार्ने प्रभावबारे धारणा राखे ।
जनकपुरधामसम्म रेल सेवा सञ्चालन गरेको १५ महिनापछि रेलसेवा विस्तार गरी भंगाहा स्टेसनसम्म रेल सेवा सञ्चालन गर्न रेल्वे कम्पनी सफल भएको महाप्रबन्धक निरञ्जनकुमार झाले जनाएका छन् । भारतीय रेल्वे कम्पनी इरकन इन्टरनेसनलले निर्माण गरेको रेल्वे ट्र्याक जेठ १८ गते नेपाल रेल्वे कम्पनीलाई हस्तान्तरण गरेको थियो ।
अहिले जयनगर–बिजलपुरा स्टेसनसम्म प्रतिदिन एकपटक रेल सेवा सञ्चालन गर्ने तयारी रहे पनि यात्रुको मागअनुसार सेवा थप गर्दै जाने योजना रहेको जनाइएको छ । जयनगर–जनकपुरधाम–कुर्था हुँदै कुल ३५ किलोमिटरसम्म रेलखण्डमा प्रतिदिन दुई पटक रेल्वेसेवा सञ्चालन हुँदै आएको छ । अब जयनगर–बिजलपुरासम्म रेल सञ्चालन हुँदा जयनगर–जनकपुर–कुर्थामा समेत एकपटक सेवा थप हुने रेलवे कम्पनीले जनाएको छ ।
जयनगरदेखि भंगाहा स्टेसनसम्म ५२ किमि रेलखण्डमा अब रेल सञ्चालन हुने भएको छ । कुर्थादेखि बिजलपुरासम्मको १७ किलोमिटर खण्ड रेल सेवा सञ्चालनमा आएको छ । बिजलपुरादेखि बर्दिवास खण्डको काम भने अझै अघि बढ्न सकेको छैन ।



मुलुकको आर्थिक समुन्नति र व्यापार व्यवसाय प्रवर्द्धनका लागि रेल्वेको महत्वपूर्ण भूमिका हुन्छ, यसको विकास र विस्तारका लागि सरकार प्रतिवद्ध छ ।
**प्रकाश ज्वाला**
मन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

**रेल सञ्चालन हुँदा स्थानीय खुसी**
महोत्तरीको भंगहा(बिजलपुरा)–कुर्था–नेपाल–भारतको सीमावर्ती क्षेत्रअवस्थित जयनगरसम्म रेलसेवा सञ्चालनमा आएपछि स्थानीय खुसी छन् । भंगहा नगरपालिकाको बिजलपुरासम्म रेल सेवा सञ्चालन भएपछि यहाँको व्यापार व्यवसायमा वृद्धि हुनेदेखि पर्यटकीय क्षेत्रसम्म विकास हुने भन्दै स्थानीय व्यापारीदेखि सर्वसाधारण खुसी छन् ।
दुई दशक भन्दा लामो समयपछि रेल सञ्चालनमा आएपछि भंगाहा क्षेत्रमा व्यापक परिवर्तन आउने र यसले सामाजिक तथा आर्थिकरुपमा फड्को मार्ने स्थानीय मनोजकुमार गुप्ताले बताए ।
उनले भने, 'रेल सञ्चालन भएपछि रेल स्टेसन क्षेत्र वरपर व्यापार विस्तार हुनेछ भने यसले व्यापारसँगसँगै रोजगारसमेत फस्टाउने भएपछि यहाँको विकासले समेत गति लिने छ ।'
त्यस्तै स्थानीय व्यापारी सुनिल चौधरीले रेल सञ्चालन भएपछि स्थानीयस्तरमा उत्पादन भएका विभिन्न सामग्रीहरु सहर लगेर बिक्रीवितरण गर्न सक्ने वातावरण बनेकामा खुसी भए ।

## दुई रेल, एउटा सञ्चालनमा पनि सकस

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
बहुप्रतिक्षित नेपाल रेल्वे कुर्था–जनकपुरधाम–जयनगरसम्म सञ्चालनमा आउन ८ वर्ष नै लाग्यो । दुई वर्ष खरिद गरी ल्याएको नयाँ रेलसहितको सेट गुड्न थालेको करिब एक वर्ष हुन लाग्यो ।
लामो समयदेखिको प्रतिक्षाको बाँध तोडेर सञ्चालनमा ल्याइएको रेलले ग्रामीण भेग र व्यवसायमा केही परिवर्तन गरेपनि यसले आमजीवनमा भने परिवर्तनका लागि अझै रेल्वेसेवाको निरन्तरतासँगै थप सेवा दिन आवश्यक देखिन्छ ।
करिब सात महिनादेखि सञ्चालनमा रहेका रेल्वेमा अहिले यात्रु खचाखच भरिएको हुन्छ । नियमित सञ्चालनमा आएको नेपाल रेल्वेले पहिलो दिन १ हजार ५ सय यात्रुले यात्रा गरेको रेकर्ड नेपाल रेल्वे कम्पनीसँग छ । पहिलो दिन यात्रुबाट भाडास्वरुप ८० हजार रुपैयाँ आम्दानी भएको रेल्वे कम्पनीले जनाएको थियो । दैनिकरुपमा रेल्वेले दुई लाख रुपैयाँ भन्दा बढी आम्दानी गरे रेल्वे व्यवासय नाफामा जानेछ । तर अहिले नै नाफा नोक्सानको हिसाबकिताब गरिनु हतार हुने टिप्पणी छ नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक निरञ्जन झाको ।
नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक झाले अहिले नै रेल सेवा सञ्चालनबाट नाफा नोक्सान निकाल्दा हतार हुने भन्दै रेल्वेको दीर्घकालीन आत्मनिर्भरताका लागि आन्तरिक गृहकार्यमा जुटेको बताए ।
मिडियाले नाफा नोक्सानको हिसाबकिताब नगरिदिन उनको भनाइ थियो ।
उनले कम्पनीसँग माल ढुवानीका लागि कार्गो आवश्यक रहेकाले यसका लागि पनि सरकार, मन्त्रालयदेखि अन्य विभिन्न नियकासँग छलफल गरिरहेको बताए । कम्पनीले नियमित रेलसेवा सञ्चालन, मालसामान ढुवानीका लागि थप कार्गो, थप रेल्वेसहित बोगीसमेतको व्यवस्थापन जति छिटो सक्दो भए तत्कालै नाफामूलक व्यवसाय हुने बताए ।
उनले अहिले नै नाफा नोक्सान निकाल्न अझै समय चाहिने बताउँदै निकट भविष्यमै अन्य संस्था भन्दा फरक रेल्वे कम्पनी रहेकाले यसको व्यवस्थापन अभैm मजबुत बनाउन गृहकार्य भइरहेको बताए । पहिलो चरणमा जनकपुरधामको कुर्थाबाट जयनगरसम्म ३५ किलोमिटर रेलसेवा सञ्चालनमा हुँदै आएको रेल्वे सेवाले सोमबारदेखि नियमितरुपमा महोत्तरीको भंगाहा(बिजलपुरा)सम्म रेल्वे सेवा दिने छ ।
कम्पनीले दुई वटै रेल सेवाका लागि गुड्ने कार्यतालिका बनाए पनि रेल सञ्चालनपछि एउटै रेलमा दुई वटै रेलको बोगी जोडेर सञ्चालनमा ल्याइएको छ । विशेषगरी आइतबार र बुधबार तथा चाडपर्वका बेला एउटै रेलमा दुई वटै बोगी जडान गर्ने गरेको नेपाल रेल्वे कम्पनी लिमिटेडले गर्दै आएको छ ।

## पार्सल बोगी आवश्यक

जनकपुरधाम उद्योग वणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले रेल सेवा सञ्चालनले एकअर्कासँग कनेक्टिभिटी जोड्न थप आयाम र सफलता मिलेको बताए । उनी रेलमा पार्सल बोगी (मालसमान ढुवानीका लागि) बोगी नहुँदा बजार व्यवसाय तथा व्यापार क्षेत्रमा घाटा नै भइरहेको बताउँछन् ।
उनले रेल्वे सञ्चालन भएपछि भारततर्फबाट दिनँहु सैयौँको संख्यामा आउने यात्रुका कारण होटल व्यवसाय क्षेत्रमा निकै लाभ भइरहेको बताए । तर होटेल व्यवसाय फाइदामा भए पनि किराना पसलदेखि अन्य व्यवसायमा भने घाटा हुन थालेको उनको भनाइ छ ।
उनका अनुसार, यताबाट जाने गरेका यात्रुले भारतबाटै खाद्यान्नलगायत लत्ताकपडादेखि अत्यावश्यक सामग्री खरिद गर्न थालेपछि यहाँको बजारमा मन्दी हुन थालेको हो । तर के कति कारणले आर्थिक मन्दी हुन थालेको हो, यसको भने अझै खोजी नीति जारी राखेको उनी बताउँछन् ।
उनले रेलमा पार्सल बोगी नभएका कारण चामललगायत खाद्यान्न सामग्रीदेखि अन्य सामग्रीसमेत महंगोमा भारतको विभिन्न ठाउँबाट ल्याउनु परेको बताउँदै दक्षिण भारततर्फबाट अहिले चामल ल्याउँदा १५ देखि १६ रुपैयाँ प्रतिकिलोग्राम महंगो मूल्यमा ल्याउनु परेको बताए ।



रेलको माध्यमबाट चामल ल्याउँदा प्रतिकिलोग्राम चामलमा ५ रुपैयाँ दर कम लाग्ने छ । उनले व्यापारीका तर्फबाट पार्सल बोगीका लागि पहल गरिरहेको बताए । उनले धनुषाको जटही हुँदै पिपरौन नाकाबाट वर्षातयामको समयमा नाका नै अवरुद्ध हुने गरेकाले यसको विकल्पमा जलेश्वर नाकालाई सुख्खा बन्दरगाहको रुपमा खोल्नु पर्ने धारणा राखे । उनले भने, 'महोत्तरीको जलेश्वर नाकालाई थर्ड कन्ट्रीको रुपमा खोल्न सफल भयौँ भने यसमा व्यापारी तथा व्यवसायीलाई निकै लाभ मिल्नेछ भने आम सेवाग्राहीका लागि पनि खाद्यान्न सामग्रीको सुलभ मूल्यमा पाइनेछ ।' रेल दुई वर्षअघि भारतीय रेल्वे कम्पनी कर्पोरेसनसँग ८४ करोड ६५ लाख रुपैयाँमा दुई सेट रेल खरिद गरेर नेपाल ल्याइएको थियो ।

भर्ना खुल्यो! भर्ना खुल्यो!! भर्ना खुल्यो!!!
नेपाल सरकारको CTEVT द्वारा सम्बन्धन तथा मान्यता प्राप्त यस
मिथिला टेक्निकल एकेडमी प्रा. लि. र आर.जे. टेक्निकल इन्ष्टिच्युट प्रा. लि.
मा निम्न कार्यक्रमहरु शैक्षिक सत्र २०८०।८१ को भर्नाका लागि प्रवेश परीक्षा (Entrance) को फारम वितरण भइरहेको सहर्ष जानकारी गराउँदछौं ।
फारम वितरण :-
मितिः २०८०।०३।२९ देखि २०८०।०४।१२ गतेसम्म
प्रवेश परीक्षा मिति :
२०८०।०४।२४ गते बिहान ८ बजे
कार्यक्रम :-
१) सामान्य चिकित्सा (H.A.) - ३ वर्ष
२) स्टाफ नर्स (Staff Nurse) - ३ वर्ष
३) सि.एम.एल.टी. (CMLT) - ३ वर्ष
४) प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ - १८ महिने
५) प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ - १८ महिने
सम्पर्क स्थान :
मिथिला टेक्निकल एकेडमी प्रा. लि.
आर.जे. टेक्निकल इन्ष्टिच्युट प्रा. लि.
क्याम्पस चौक, पिरडिया माई मन्दिरको पूर्वपट्टि, जनकपुरधाम–४
सम्पर्क नं.–९८४४०९९९२५, ९८४४०२०८८८ र ९८००८४३०१३, ☎०४१–५२८०३२

# सुरक्षित गर्भपतनबारे पत्रकारसँग अभिमुखीकरण




**मधेशदृष्टि**
**वीरगंज ।**
बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्राध्यापक श्याम लम्सालले असुरक्षित तरिकाले गर्भपतन गराउनेको संख्या बढ्दै गएकामा चिन्ता व्यक्त गरेका छन् ।
जनतालाई सुरक्षित गर्भपतनबारे सचेतना फैलाउने उद्देश्यले वीरगंजमा आयोजित 'वीरगंजमा सुरक्षित गर्भपतनका सम्बन्धमा सञ्चारकर्मीहरुसँग अभिमुखीकरण' लाई सम्बोधन गर्दै प्राध्यापक लम्सालले केही दिनदेखि तराईका जिल्लाहरुमा बढ्दै गएको असुरक्षित गर्भपतनले स्वास्थ्यमा गम्भीर असर परी ज्यानसमेत गुनाउन सक्ने अवस्था आउनसक्ने बताए । उनले सुरक्षित तरिकाले गर्भपतन गर्ने संस्थाहरुबारे जनतालाई सुसूचित गराउन सञ्चारकर्मीहरुसँग आग्रह समेत गरे । असुरक्षित गर्भपतन गराउँदा स्वास्थ्यमा आउने जोखिम अवस्थाबारे जानकारी गराउन उनले आग्रह गरे ।
कार्यक्रममा औषधी व्यवस्था विभाग पर्साका प्रमुख किरण बर्जचार्यले सुरक्षित गर्भपतनका लागि १० वटा औषधीले नेपालमा मान्यता पाएको जानकारी दिए । उनले दर्ता नभएका र मान्यता नपाएका फार्मेसी तथा क्लिनिकहरुबाट पनि औषधी खरिदबिक्री भइरहेकोमा आपत्ति जनाए । औषधी व्यवस्था विभागको फितलो अनुगमनको कारण पनि मान्यता प्राप्त नगरेका फार्मेसी तथा क्लिनिकहरुले गर्भपतका औषधीहरु बिक्री वितरण भइरहेकाले अनुगमन प्रभावकारी बनाउन आग्रहसमेत गरे ।
जिल्ला जनस्वास्थ्य कार्यालय पर्साका प्रमुख नवलकिशोर साहले सबै अधिकार स्थानीय तहको भएको हुँदा कार्यालयको जिम्मेवारी समन्वय गर्ने मात्रै भएको बताए ।
आवश्यक्ताअनुसार सम्बन्धित निकायलाई अनुरोध गर्ने र आवश्यक सहकार्य तथा समन्वय गर्ने बाहेकका काम कार्यालयको अधिकार क्षेत्रभन्दा बाहिरको भएको स्पष्ट पारे ।
स्वास्थ्य लाइभका प्रबन्ध निर्देशक अर्जुन अधिकारीले वीरगंज महानगरसहित मधेश प्रदेश र समग्र देशको तथ्यांक प्रस्तुत गरेका थिए ।
तथ्यांकअनुसार अन्य प्रदेशको तुलनामा मधेश प्रदेशमा असुरक्षित गर्भपतन गराउनेको संख्या बढी रहेको बताए । यसले मातृमृत्युदर बढिरहेको हुँदा सुरक्षित गर्भपतन गरी स्वास्थ्यको जोखिम कम गर्नुपर्नेमा जोड दिए ।
उपत्यका बाहिर रहेर पत्रकारिता गर्दा सबै क्षेत्रमा गर्नुपर्ने बाध्यता सुनाउँदै उनले स्वास्थ्य क्षेत्रलाई पनि प्राथमिकतामा राखेर समाजमा जनचेतना स्तरका विषयहरु उजागर गरिदिन सञ्चारकर्मीहरुसँग आग्रह गरे ।
नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष अनुप तिवारीले पर्सेली पत्रकारलाई सुरक्षित गर्भपतनका सम्बन्धमा अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएकोमा आयोजक स्वास्थ्य लाइभप्रति आभार व्यक्त गरे । उनले पत्रकारको क्षमता अभिवृद्धिसँगै समाचार लेखनका विषयवस्तुहरुको ज्ञान वृद्धि भएको तिवारीले विश्वास व्यक्त गरे ।

# विद्यार्थीको मशाल जुलुशमा प्रहरीको हस्तक्षेप

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा आइतबार बेलुकी राजनीतिक दलसम्बद्ध विभिन्न विद्यार्थी संगठनले निकालेको मशाल जुलुशमा प्रहरीले हस्तक्षेप गरेको छ । ठाकुरराम बहुमुखी क्याम्पसको परीक्षा केन्द्र बारामा सारिएको विरोधमा नेविसंघ, अनेरास्ववियु, समाजवादी विधार्थी युनियन लगायतका विद्यार्थी संगठनले संयुक्त मशाल जुलुश निकालेका हुन् ।विद्यार्थी संगठनले निकालेको जुलुशमा प्रहरीले हस्तक्षेप गरेर बल प्रयोग गर्दा चार विद्यार्थी नेता घाइते भएका छन् । अनेरास्ववियुका जिल्ला सचिव पवन यादव, क्याम्पस इकाइ उपाध्यक्ष अरमान हासमी, नेविसंघका बिटु पटेल र समाजवादी विद्यार्थी युनियनका हरि यादव घाइते भएका हुन् । उनीहरुको नारायणी अस्पतालमा उपचार भएको अनेरास्ववियुका वीरगंज महानगर अध्यक्ष आसिफ अहमदले जानकारी दिए



।वीरगंजका तीन स्थानबाट निकालिएको मशाल जुलुश घण्टाघर चोकमा पुग्दा प्रहरीले हस्तक्षेप गरी बल प्रयोग गरेको नेविसंघ पर्साका सभापति रमेश यादवले बताए । ठाकुरराम बहुमुखी क्याम्पसको व्यवस्थापन संकायको स्नातक तहको तेस्रो वर्षको परीक्षा त्रिभुवन विश्वविद्यालयले बाराको सिमरामा सारेपछि त्यसको विरोधमा पर्साका विद्यार्थी संगठन आन्दोलित छन् । ठाकुरराम क्याम्पसबाट अन्यत्र सारिएको परीक्षा केन्द्र फिर्ता ल्याउन माग गर्दै विद्यार्थी संगठनहरुले एक हप्तादेखि ठाकुरराम क्याम्पस बन्द गराएका छन् । गत सोमबार परीक्षा दिएर फर्कने क्रममा मोटरसाइकल दुर्घटनामा परी ठाकुरराम क्याम्पसमा अध्ययनरत विद्यार्थी विजय शर्माको मृत्यु भएपछि विद्यार्थी संगठनहरु थप आक्रोशित भएका छन् ।

# मेयरद्वारा क्लब उद्घाटन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले माउन्टेन हिल्स स्पोर्ट क्लब उद्घाटन गरेका छन् ।
वीरगंज महानगरपालिका वडा नम्बर १६ नगवामा स्थापित क्लबले खेलकुदको संस्थागत विकास र युवालाई अनुशासित बनाउने विश्वास आफूले लिएको नगर प्रमुख सिंहले बताए ।
क्लबका अध्यक्ष नजिर शेखको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस पर्साका उपसभापति रामनारायण कुर्मी, पूर्व क्रिकेटर उमेश उपाध्याय, विशेश्वर पटेललगायत स्थानीय युवाको सहभागिता थियो ।

# अस्पतालको सरसफाइमा महानगर

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरले साउन १ अर्थात् सोमबारदेखि नारायणी अस्पतालको सरसफाइको जिम्मा लिएको छ । नारायणी अस्पतालको सरसफाइको जिम्मा महानगरपालिकाले लिने नगर प्रमुख राजेशमान सिंहले यसअघि नै घोषणा गरे अनुसार साउन १ गतेदेखि सरसफाइको जिम्मा लिन दुईपक्षीय सम्झौता भइसकेको छ ।
वीरगंज महानगर पालिकाका नगर प्रमुख राजेशमान सिंह र प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीको उपस्थितमा नारायणी अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा चित्तरन्जन साह र महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् ।
सम्झौतापत्रमा हस्ताक्षर आदान प्रदान गरेर औपचारिकरुपमा साउन १ गतेदेखि अस्पतालको सरसफाइको जिम्मा महानगरपालिकाले लिएको हो ।
सरसफाइका विषयमा महानगरपालिकाले गरेको सुधारको चौतर्फी प्रशंसा भइरहेको बेला नारायणी अस्पतालको पनि सरसफाईको जिम्मा लिएपछि नारायणी अस्पताल सफा देखिने सबैको अपेक्षा छ ।
स्वास्थ्यसँग सरोकार राख्ने अस्पतालमा सरसफाइ नै मुख्य भएकाले महानगरपालिकाले सरसफाइको जिम्मा लिएको महानगर प्रमुख सिंहले बताए ।

# 'वकिलले फिस चर्को लिने तर कर नतिर्ने किन ?

**मधेशदृष्टि**
**वीरगंज ।**
आम जनता पार्टीका अध्यक्ष प्रभु साहले वकिलहरुलाई कानुनी दायरामा ल्याउनुपर्ने बताएका छन् ।
प्रतिनिधि सभा बैठकको आकस्मिक समयमा बोल्दै उनले वकिलहरुले मनपरी फिस लिने गरेका भन्दै यसको पनि नियमन गर्नुपर्ने बताए । उनले भने, 'अरुलाई कानुन



सिकाउने, न्यायको पैरवी, बहस गर्ने, अरुमाथि प्रश्न उठाउने वकिलहरुलाई कानून लाग्छ कि लाग्दैन ? वकिलहरु जवाफदेही हुनुपर्छ कि पर्दैन ?'
उनले देशमा वकिलहरुले मनपरी फिस लिने गरेका बताए ।
वकिलहरुले रसिद नदिने र कर पनि नदिने गरेको बताए । उनले भने, 'करोडौँ कमाउने वकिललाई कर लाग्छ कि लाग्दैन ? करको दायरामा ल्याउनुपर्छ ।'
साहले वकिलहरुले लिने रकमको न्युनतम र अधिकतम मापदण्ड तोकिनु पर्ने बताए ।

# मधेशी स्वास्थ्य फोरम महानगरमा रामबाबु

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेशी स्वास्थ्य फोरम नेपाल वीरगंज महानगरस्तरीय दोस्रो अधिवेशन १४ सदस्यीय नयाँ नेतृत्व चयन गर्दै सम्पन्न भएको छ । अधिवेशनको शनिबार वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले उद्घाटन गरे । मधेशी स्वास्थ्य फोरमको नगर अध्यक्षमा रामबाबु, उपाध्यक्षमा राम सोगारथ साहर र अरुण यादव, सचिवमा दोलेन्द्र यादव, सहसचिवमा मेनुका चौधरी, कोषाध्यक्ष युधिष्ठिर प्रसाद रौनियार लगायतका चयन भएका छन् । मधेशी स्वास्थ्यकर्मी फोरम पर्साका अध्यक्ष संजय यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाका केन्द्रीय अध्यक्ष बाल किशोर यादव, सचितानन्द जैयसवाल, राजेश रौनियार, मिरा यादव लगायतको सहभागिता थियो ।

# एम्बुलेन्स उपहारका लागि अध्यक्षको प्रशंसा



**मधेशदृष्टि**
**बारा ।**
बाराको बारागढी गाउँपालिकाका अध्यक्ष अशोक कुमार जयसवालको अथक प्रयासमा नेपाल–भारत मैत्री विकास कार्यक्रम अन्तर्गत उपहार स्वरुप एम्बुलेन्स प्राप्त गरेको छ । आइतबार काठमाडौँ स्थित भारतीय राजदुतावासबाट गाउँपालिकाले उपहार स्वरुप एक कार्यक्रम बीच एम्बुलेन्स प्राप्त गर्न अथक प्रयास गर्नु परेको जनाइएको छ । भारतीय राजदुतावासले उपहारस्वरुप नेपाललाई यसवर्ष ३४ थान एम्बुलेन्स र ५० थान स्कुल बस प्रदान गरेको छ । यस बर्ष बारा जिल्लामा एक थान एम्बुलेन्स पाउन सफल भएको छ । गाउँपालिकाले यसअघि आफ्नै एम्बुलेन्स थिएन । तर अब यस गाउँपालिकामा एम्बुलेन्स आएपछि यस भेगका सर्वसाधारणलाई आपतकालीन अवस्थामा गाउँपालिकाको एम्बुलेन्सबाट छिटो छरितो सेवा पाउने भएको बारागढी गाउँपालिकाका अध्यक्ष जयसवालले बताए ।

# उपमेयरकी पतिबाट नगरपालिकाका कर्मचारीमाथि दुर्व्यवहार

**मधेशदृष्टि**
**वीरगंज ।**
पोखरिया नगरपालिका प्रशासन शाखाका प्रमुख अजय श्रीवास्तवमाथि पोखरिया नगरपालिकाका नगर उपप्रमुख रूबी कुमारी ठाकुरकी पति दीपक ठाकुरले दुव्र्यवहार गरेका छन ।
श्रीवास्तवलाई ठाकुरले गालीगलौज गरी हातपात गर्न खोजेपछि अन्य कर्मचारीले बचाएका थिए । पोखरिया नगरपालिकाका उपप्रमुख ठाकुरले १ करोड ७० लाख रुपैयाँको बजेटको योजना आफ्ना लागि माग गरेको र नगरपालिकाबाट १ करोड २५ लाख रुपैयाँको योजना परेपछि आक्रोशित ठाकुरले योजना किन काटेको भन्दै कर्मचारीमाथि जाइलागेको पोखरियाका सञ्चारकर्मी शैलेश गुप्ताले जानकारी दिए ।
योजना कटौती भएको विषयमा दीपक ठाकुरले असार २४ गते पोखरिया नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई गालीगलौज गरेका थिए । यस्तै, योजना शाखा प्रमुख संजय पाण्डेय, बैजनाथ चौधरीलाई पनि दुव्र्यवहार गरेको पीडित कर्मचारीले बताए । विद्यालयका शिक्षक रहेका ठाकुर विद्यालय नगई उपमेयर पत्नीको रवाफमा नगरपालिकाका कर्मचारीलाई धाकधम्की दिँदै लेनदेनमा ठेकेदारलाई योजना बेच्न व्यस्त रहेको स्रोतले जनाएको छ ।

# भारतबाट डिजेलको मूल्य बढेर आयो पेट्रोलको घट्यो



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतबाट डिजेलको मूल्य बढेर र पेट्रोलको मूल्य घटेर आएको नेपाल आयल निगमले जनाएको छ । नेपाल आयल निगमले शनिबार साँझ प्राप्त गरेको १५ दिनको मूल्यअनुसार डिजेलको मूल्य लिटरमा २ रुपैयाँ ४७ पैसाले बढेर आएको छ भने पेट्रोलको मूल्य ३४ पैसाले घटेको छ ।
अब सोही मूल्यका आधारमा निगमले उपभोक्ता मूल्य घट्ने वा बढ्नेबारे निर्णय गर्नेछ । भारतीय आयल कर्पोरेसन आइओसीबाट प्राप्त नयाँ मूल्यपछि निगम १५ दिनमा ५० करोड रुपैयाँ नाफामा पुगेको छ ।
आइओसीबाट प्राप्त भएको नयाँ मूल्यपछि सञ्चालक समिति बैठक बसेर नेपालमा नयाँ मूल्यबारे निर्णय गर्ने निगमको तयारी छ । त्यसपछि मात्रै देशभरको इन्धनको नयाँ मूल्य तय हुन्छ ।
निगम सञ्चालक समिति बैठक आइतबार बसेको छ । पछिल्लो पटक गत १८ असारमा निगमले इन्धनको मूल्य समायोजन गरेको थियो । जसअनुसार पेट्रोलको मूल्य काठमाडौं उपत्यका क्षेत्रमा प्रतिलिटर १६७.५० पैसा, डिजेल र मटीतेलको १४७ रुपैयाँ ५० पैसा तोकिएको छ । यस्तै हवाइ इन्धनको मूल्य आन्तरिकतर्फ १३६ रुपैयाँ प्रतिलिटर छ भने बाह्यतर्फ प्रतिकिलोलिटर १०५० अमेरिकी डलर तोकिएको छ ।




# राष्ट्रपतिबाट बजेट प्रमाणीकरण

**मधेशदृष्टि**
**वीरगंज ।**
आगामी आर्थिक वर्ष २०८०÷८१ को बजेट राष्ट्रपतिबाट प्रमाणीकरण भएको छ । राष्ट्रपति कार्यालयले आइतबार विज्ञप्ति जारी गरी बजेटसँग सम्बन्धित तीनवटै विधेयक प्रमाणीकरण भएको जानकारी दिएको छ । विनियोजन विधेयक, आर्थिक विधेयक र राष्ट्र ऋण उठाउने विधेयक राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार प्रमाणीकरण गरेका राष्ट्रपति कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईले जानकारी दिइन् ।अर्थमन्त्री डा. प्रकाशशरण महतले जेठ १५ गते आर्थिक वर्ष २०८०÷८१ को बजेट ल्याएका थिए । विधेयक प्रतिनिधिसभा र राष्ट्रियसभामा छलफल भई पारित भएपछि राष्ट्रपतिसमक्ष पठाइएको थियो ।राष्ट्रपतिले विधेयक प्रमाणीकरण गरेपछि बजेट कार्यान्वयनका लागि बाटो खुलेको छ । आगामी आर्थिक वर्षको बजेट १ साउन अर्थात सोमबारदेखि कार्यान्वयन हुनेछ ।

# राजविराजमा ‘फोटो प्रदर्शनी’



**राजविराज ।**
राजविराजमा फोटो प्रदर्शनी कार्यक्रम गरिएको छ । विश्व युवा दक्षता दिवसको अवसरमा संवाद फाउण्डेशनको आयोजना र मधेस कला सेतुको समन्वयमा सप्तरीको राजविराजस्थित जिल्ला समन्वय समिति को सभाहलमा आयोजित “फोटो प्रदर्शनी“ कार्यक्रम भएको हो । स्थानीय र जिल्लाका फोटोग्राफरहरुको कलाको सम्मान गर्दै उनीहरुले केमरामा कैद गरेका फोटोहरुलाई फ्रेममा लगाएर सभाहलभित्र प्रदर्शन गरिएको छ ।संवाद फाउण्डेशनका केन्द्रीय अध्यक्ष कुमार भास्करको अध्यक्षता र मधेस प्रदेश सभा सदस्य सतिश कुमार सिहं र मनिष सुमनको प्रमुख आतिथ्यमा आवरण गर्दै उदघाटन गरिएको थियो ।

कार्यक्रममा जम्मा १६ वटा फोटोग्राफरहरुले १६ वटा फोटो प्रस्तुत गरेका थिए । जसमा फोटो पात्रमा रहेका रेखा देवि गोसवामी र मुन्ना अन्सारीलाई सम्मान गरिएको थियो भने फोटोग्राफर फेसीलेटरको रुपमा सौरभ साह र फोटोग्राफर त्रिवेणी कुमार यादवलाई सम्मान गरिएको हो ।कार्यक्रममा सम्मानित भएका चर्चित फोटोग्राफर मधेस कला सेतुका अध्यक्ष सुरेश कुमार मुखियाले ‘फोटोको माध्यमबाट संसार जगतमा आफ्नो कला र मौलिक पहिचान र साँस्कृतिक परम्पराहरूलाई विश्व सामु चिनाउनको लागि हामी तत्पर कार्यक्रमको उद्घाटन गर्दै जनमतका नेता तथा प्रदेश सांसद सतिश सिंहले कुनै पनि काम सानो र ठूलो नहुने भन्दै जुनसुकै काममा लगनशिलता र मेहनत रहे सोचे अनुसारको सफलता प्राप्त हुने बताए ।त्यस्तै प्रदेश सभा सदस्य मनिष सुमनले राजविराजको परिवेशलाई, यहाँको सँस्कृति, खाना, लत्ताकपडा, रहनसहनलाई विश्व सामु फोटोकै माध्यमले चिनाउने प्रयास यहाँका स्थानीय फोटोग्राफरहरुले गरेको हुनाले धन्यवाद दिए । कार्यक्रममा जिल्ला समन्वय समितिका सप्तरी जिल्ला अध्यक्ष, पत्रकार, मैथिली विकास का प्रतिनिधि लगायत युवा ,विधार्थी र फोटोग्राफहरुको उपस्थिति रहेको थियो ।

# हरिपूर्वा नगरपालिकाले ल्याउन सकेन बजेट

**मधेशदृष्टि**
**मलंगवा ।**
सर्लाहीको हरिपुर्वा नगरपालिकाले असार महिना सकिन लाग्दा पनि बजेट ल्याउन असफल भएको छ । गाउँ कार्यपालिका नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गतेभित्र बजेट ल्याउनुपर्नेमा आन्तरिक विवादकै कारण बजेट ल्याउन असफल भएको हो । तर सर्लाहीको हरिपुर्वा नगरपालिकामा ३ महिनाको तलाबन्दी पछि असार १० गते मात्र पलिकाको ताल्चा खोलिएकोले समयमै आर्थिक बर्ष २०८०।०८१ को बजेट ल्याउन नसकिएको बुझीएको छ ।

विगत चार महिनाको लामो विवाद तथा तलाबन्दी पछि संचालनमा आएको हरिपूर्वा नगरपालिकामा शर्सत अनुदानको ९० प्रतिशत भन्दा बढि बजेट फ्रिज गएको छ । पालिका तर्फको बजेटमा पनि समाजिक सुरक्षा भत्ता, कर्मचारी तलव, प्रशासनिक खर्च तथा कार्यालय व्यवस्थापन बाहेक कुनै पनि बजेट चल्न सकेको छैन । आर्थिक वर्ष २०७९।०८० विवादै विवादमा समाप्त भए संगै आ व २०८०।०८१ पनि विवादैमा वित्ने सकेंतहरु देखा पर्न थालेको छ ।



नया चालु आर्थिक वर्षमा हरिपूर्वा नगरप्रमुख बिनोद कुमार साहले एकलौटी बजेट चलाउने खोजि रहेको कारण हामी नगरसभा गराउन असर्मथ रहेको हरिपूर्वा नगरपालिका ६ बाट निर्वाचित अध्यक्ष रामसोगारथ रायले वताए । संघर्ष समितीको ९ बुदें माग सहित आ. व. २०७९।०८० मा वडाको लागी छुटियाइको बजेट जतिको रकम यस बर्ष पनि वडाको लागी पठाएमा मात्र हामी नगरसभामा जाने वताए । हरिपूर्वा नगरपालिकाको नगरप्रमुख साहले नगरस्तरियको नाउमा बजेट राखेर एकलौटी संचालन गर्न लागेको र बिकास निर्माणको नाउमा कार्यकर्ता खुशि पार्ने योजनामा बढि जोड दिएको कारण हरिपूर्वा नगरपालिकाको भविष्य खराब भईरहेको वडाध्यक्ष रायले बताए । यस बिषयमा हरिपूर्वा वडा नम्बर ८ को लोसपा बाट निर्वाचित वडाध्यक्ष रामेश्वर अधिकारीका अनुसार आर्थिक बर्ष २०८०।०८१ मा हरिपूर्वा नगरपालिकाको ठोस तथा दिर्घकालिन बिकासमा बजेट छुटियाइ वाकि रहेको रकमबाट वडा स्तरीय योजनामा पठाउने कुरा असार २६ गतेको कार्यपालिका बैठकमा भएको तर जसपा बाट निर्वाचित वडाध्यक्षहरुले नमानेको कारण नगर सभा समयमै गराउन नसकिएको बताए ।

यस बिषयमा हरिपूर्वा नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत निमेष मिश्राको अनुसार हरिपूर्वा नगरपालिका सर्लाहीको पिछडिएको क्षेत्रमा देखिएको छ । हरिपूर्वा नगरपालिकामा सबै भन्दा अगाडी सिचाइको लागी विद्युतिकरण जरुरी छ । त्यस्तै हरिपूर्वा नगरपालिका २ मा रहेको १५ सैयको अस्पताल अल्पत्र अवस्थामा रहेको कारण त्यस क्षेत्रमा लगानी जरुरी छ । त्यहि भएर असार २५ गतेको कार्यपालिका बैठकमा यि बिषयहरुमा बजेट छुटयाई बाकि रहेको बजेट बाट वडा तथा कार्यपालिका सदस्यको लागी बजेट पठाइने कुरा भएको र अहिले पनि छलफल भइरहेको वताए ।

# मिश्रद्वारा अस्थाई प्रहरी पोष्ट बमनहर उदघाटन



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको सदरमुकाम गौर चन्दरनिगाहपुर सडखण्ड अन्तर्गत बमनहर स्थित आईतवार एक समारोह बीच प्रहरी चौकी उदघाटन गरीएको छ ।
समारोहका प्रमुख अतिथी सिडियो धर्मेन्द्र कुमार मिश्रले यमुनामाई गाउँपालिका ४ बमनहर स्थित पशुसेवा शाखाको भवनमा सञ्चालनमा आएको प्रहरी पोष्ट उदघाटन गरेका हुन् ।
उक्त अवसरमा नेपाली सेना बिरदल गणका प्रमुख सेनानी गंगा बहादुर बिष्ट, रौतहट प्रहरी प्रमुख एसपी वीरबहादुर बुढामगर,सशस्त्रका एसपी माधव रेग्मि , राष्ट्रीय अनुसन्धानका चन्दन कुमार झा , यमुनामाई र राजपुर नगरपालिकाका बिभिन्न वडाका अध्यक्षहरू लगायत सैयौं मानिसको को उपस्थिती रहेको थियो।
पटकपटक विभिन्न घटना दुर्घटना हुँदैआएको बम नगरमा प्रहरी चौकी स्थापनाले २४ औं घन्टा यात्रु लाई प्रत्यक्षरूपमा शान्ति सुरक्षाको अनुभूति हुने स्थानीयहरूले बताएका छन् ।

# सप्तरीमा ९ मिटरब्याजीविरुद्ध मुद्दा




**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीमा हालसम्म ९ जना मिटरब्याजी विरुद्ध मुद्दा चलाइएको छ भने तीमध्ये २ जनालाई नियन्त्रणमा समेत लिइएको छ । सरकारले तीन सदस्यीय जाँचबुझ आयोग गठन गरेर मीटरब्याज पीडितको समस्या समाधान गर्न गत वैशाख १७ देखि जेठ ७ गतेसम्म उजुरी दर्ताका लागि आह्वान गरेको थियो । सोहीअनुसार जिल्ला प्रशासन कार्यालयमा १ हजार ५ सय ८९ वटा उजुरी दर्ता भएको थियो ।
उजरीपछि छलफलबाट समाधान हुन नसकेका ९ जना मिटरब्याजी विरुद्ध मुद्दा चलाइएको सप्तरीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक नरेन्द्रकुमार कार्कीले जानकारी दिए ।उनका अनुसार राजविराज नगरपालिका–६ का मनोजकुमार दास, डाक्रेश्वरी नगरपालिका–९ घर भई हाल राजवराज नगरपालिका–६ का रामप्रसाद साह, उनका छोरा रविन्द्रकुमार साह, डाक्रेश्वरी नगरपालिका–९ कै रुपेशकुमार सिंह, तिलाठी कोइलाडी गाउँपालिका–४ का रंजितकुमार सिंह विरुद्ध मुद्दा दर्ता भएको छ ।
त्यस्तै, डाक्रेश्वरी नगरपालिका–१२ का शिवनारायण यादव, वडा नम्वर ९ का ओमप्रकाश साह, ९ कै द्रोपतिकुमार साह र सोही ठाउँकी विन्दु साह तेली विरुद्ध मुद्दा चलाइएको प्रहरी उपरीक्षक कार्कीले बताए ।उनीहरु विरुद्ध अनुचित लेनदेन तथा आपराधिक विश्वासघात र ठगी आपराधिक विश्वासघात तथा अनुचित लाभ शिर्षकमा मुद्दा चलाइएको छ । मुद्दा चलाइएकामध्ये मनोजकुमार र रामप्रसादलाई नियन्त्रणमा लिएर म्याद थप गराइएको जनाएको छ ।त्यस्तै, हालसम्म ४ सय ८८ वटा उजुरीमाथि छलफल हुँदा ५२ वटा उजुरीमा मिलापत्र भएको प्रहरी उपरीक्षक कार्कीले बताए । ‘अन्य उजुरीमा पनि छलफल भइरहेको छ’, उनले भने ।

# मटिहानीले सञ्चालनमा ल्यायो दमकल



**रासस**
**महोत्तरी ।**
मटिहानी नगरपालिकाले वारुणयन्त्र (दमकल) सञ्चालनमा ल्याएको छ । यसबाट आगलागीबाट हुने क्षतिलाई रोक्न सहयोग पुग्ने जनाइएको छ ।
‘बर्सेनि आगलागीबाट धनजनको निकै क्षति हुँदै आएको छ, अब दमकल आएपछि यो भवितव्यबाट हुने क्षति रोक्न सकिने आश छ’, मटिहानी–६ का राजाराम सहनी भन्छन्
‘नगरप्रमुख हरिप्रसाद मण्डलले वाचा पूरा गरे, हामी खुसी छौँ ।’
नगरप्रमुख मण्डलले गत वर्ष दोस्रो कार्यकाल सुरु गर्दै एक वर्षभित्र वारुणयन्त्र ल्याउने वाचा गरेको सहनीले स्मरण गराए ।
उनीजस्तै मटिहानी–३ का इलियास राइनले पनि दमकल आएपछि आगलागीका घटना तत्काल नियन्त्रण गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । ‘दमकल आएछ, अब यसको राम्रो व्यवस्थापन होस्, आपत्विपद्मा गरिब जनताले साथ पाउन्’, उनले भने । खासगरी मधेसमा चैत–वैशाखमा आगलागीका घटनाबाट बर्सेनि जनधनको क्षति हुने गर्दछ । आगलागीको घटनाबाट हुने नोक्सानी रोक्न वारुणयन्त्र सहयोगी हुने नगरप्रमुख मण्डलको भनाइ छ ।
५९ लाख २५ हजार रुपैयाँको लागतमा खरिद भएको दमकलको शनिबार नै श्री लक्ष्मीनारायण मन्दिर परिसरमा पूजाअर्चना गरिएको छ । खरिद गरिएको वारुणयन्त्र चार हजार पाँच सय लिटर पानी अट्ने क्षमताको रहेको नगरपालिकाका इन्जिनियर विमलेश साहले जानकारी दिए ।
जिल्लामा १५ स्थानीय तहमध्ये जलेश्वर नगरपालिकासँग मात्र वारुणयन्त्र हुँदा आपत्विपद्मा निकै अप्ठ्यारो पर्दै आएको छ ।
‘हामीले यो अवस्था बुझेर नै वारुणयन्त्र खरिद गरेका हौँ’, उनले भने । अब वारुणयन्त्रको सञ्चालन कार्यविधि बनाई आफ्नो नगरका छ हजार चार सय ६० धुरीलाई पहिलो प्राथमिकता दिएर सञ्चालनमा ल्याइने नगप्रमुख मण्डलले बताए । यसको सेवा जिल्ला र छिमेकका अन्य स्थानीय तहका सर्वसाधारणले पाउने गरी व्यवस्थापन गरिने जनाइएको छ ।
‘छोरी शिक्षालाई प्रोत्साहन गर्न हामीले कक्षा ११ मा अध्ययन गरिरहेका छात्रालाई साइकल प्रदान गर¥यौँ’, उनले भने ‘हाम्रो सानो सहयोगले छात्राको विद्यालय नियमित बन्दै गएको छ ।’

# रौतहटका निर्माण व्यवसायी आन्दोलित





**मधेशदृष्टि**
**रौतहट ।**
भुक्तानीको माग गर्दै निर्माण व्यवसायी संघ रौतहट आवद्ध व्यवसायीहरु आन्दोलित भएका छन् । निमार्ण व्यवसायीहरुले आइतबार डिभीजन सडक कार्यालय चन्द्रिगाहपुरमा तालाबन्दी गर्दै आन्दोलनमा उत्रेका छन्। व्यवसायीहरुले करोडौं लिनुपर्ने भुक्तानी आर्थिक वर्षको अन्तिम दिन सम्म पनि नहुँदा संघका अध्यक्ष कृष्णदेव यादवको नेतृत्वमा गएको व्यवसायीहरुले आईतवार डिभीजन कार्यालयको मुलगेटमा तालाबन्दी गरेका थिए । तालाबन्दी पछी निर्माण व्यवसायीको टोलीले डिभिजन सडक कार्यालय अगाडि टायर बालेर समेत बिरोध प्रदर्शन गरेका थिए ।
संघका अध्यक्ष ईन्जिनियर यादवका अनुसार डिवीजन सडक कार्यालय रौतहट मातहत निर्माणको काम गरेका साना ठूला गरी ४० भन्दा बढी व्यवसायीको २६ करोड भन्दा बढी भुक्तानी लिनुपर्ने बक्यौता रहेको छ । डिभिजन प्रमूख दारोगा साहले यस आर्थिक वर्ष भित्र जसरी पनि भुक्तानी हुन्छ हामी लागेका छौं भन्दै आश्वासन मात्र दिए तर आजसम्म पनि पाउने अवस्था न देखिएकाले बाध्य भएर आन्दोलनमा उत्रिएको जानकारी दिए । रौतहट निर्माण व्यवसायी संघका महासचिव श्रीकान्त प्रसाद यादवले आन्दोलन सोमबारदेखी अझै सशक्त हुने बताएका छन् । जबसम्म हाम्रो भुक्तानीको प्रक्रिया सुरुहुदैन तबसम्म सडक कार्यालयको सम्पूर्ण कागजात अवरुद्ध रहने महासचिव यादवले घोषणा गरेका छन् ।
व्यवसायीहरुको आन्दोलन बारे प्रतिक्रिया लिन डिवीजन सडक कार्यालय रौतहट चन्द्रनिहपुरका प्रमुख डिई दरोगा साहलाई पटकपटक फोन गर्दा उनले रिसिभ गरेनन् ।

# नदिमा डुबेर बिद्यार्थीको मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको कटहरिया नगरपालीका स्थित गमहरिया घाट लालबकैया नदिमा नुहाउन गएका एकजना विद्यार्थीको डुबेर मृत्यु भएको छ ॥ मृत्युहुनेमा कटहरिया ५ का अशोक साह कानुको १५ वर्षिय छोरा सोनु गुप्ता रहेको प्रहरीले जनाएको छ ।
काठमाडौं स्थित एउटा निजी विद्यालयमा अध्ययनरत गुप्ता केहीदिन अघि मात्र सामुदायीक बिद्यालय बाट कक्षा ९ को परिक्षा दिन गाउँ फर्केका थिए ।
आइतबार दिउँसो साढे १२ बजे गर्मी लागेर गाउँले साथीहरुसंग लालबकैया नदिमा नुहाउन पानीमा हामफालेका थिए । नुहाउन गएका छौ जना मध्ये चारजना पानीमा डुब्दा तीनजना जसोतसो पानी बाट बाहीर आएका तर सोनु गुप्ता बेपता भएका थिए । लगतै ईलाका प्रहरी कार्यालय कटहरिया र सशस्त्र बेस क्याम्प दुधियाभारको संयुक्त टोलिले खोजतलास सुरु गरेका थिए । झन्डै चार घन्टापछि अपरान्ह ४ बजे नुहाउन गएका ठाउँ बाट करिब चारसय मीटर तल पानीमा किशोर गुप्ता मृत अवस्थामा फेला परेको सई रामाछबेला यादवले बताएका छन् ।
मृतक बालकको शव पोष्टमार्टमकालागि जिल्ला अस्पताल गौर पठाईएको ईलाका प्रहरी कार्यालय कटहरियाले जनाएको छ । पछिल्लो दुईदिन देखि लालबकैया नदिमा बाढी आएको छ ।
यस आर्थिक वर्षमा रौतहटमा डुवेर मृत्यु हुनेको संख्या १६ पुगेको छ । डुबेर मृत्यु हुनेमा ६ जना पुरुष २ जना महिला,४ जना बालक र ४ जना बालिका रहेको रौतहट जिल्ला प्रहरी प्रवक्ता डिएसपी उमाशंकर यादबले जानकारि दिएका छन् ।

# सिरहा नगरपालिकाद्वारा करारका कर्मचारी हटाइए

**मधेशदृष्टि**
**सिरहा ।**
संघिय सरकारले सशर्त अनुदान तर्फको तलब भत्ता बिनियोजन नगरेपछि सिरहा नगरपालिकाले करारको कर्मचारीहरुलाई हटाएका छन् । नगरपालिका मातहत रहेको सबै आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुमा कार्यरत करार स्वास्थ्यकर्मी कर्मचारीहरुलाई हटाएका छन् ।आधारभुत केन्द्रहरुमा कार्यरत स्वास्थ्यकर्मीहरु तथा कार्यालय सहयोगीहरुलाई हटाएका छन् । नगरपालिकाले संघीय सरकारको सशर्त अनुदान तर्फ उनीहरुको तलब भत्ता बिनियोजन नगरेकोले श्रावण १ गतेदेखि सेवा करारको म्याद थप नगर्ने जनाएका छन् ।नगरकार्यपालिकाले २६ चैत्र २०७९ मा म्याद थप नगर्ने निर्णय अनुसार श्रावण १ गतेदेखि म्याद थप नहुने सूचना जारी गरेको छ ।

**व्यक्तिको पतन र मुक्तिको कारण संसार होइन, उसको काम हो ।**

– हितोपदेश

## सम्पादकीय

# नयाँ आर्थिक वर्षको शुभारम्भ

साउन १ गते । अर्थात् नयाँ आर्थिक वर्ष आरम्भ भएको छ । २०८०÷८१ को स्वीकृत र विनियोजित कारोबारहरु हुनेछन् । हामी कहाँ नयाँ वर्ष र नयाँ आर्थिक वर्षको क्यालेन्डर एउटै छैन । नयाँ वर्षको चौथो महिनामा मात्रै आर्थिक वर्ष आरम्भ हुन्छ । यद्यपि नयाँ आर्थिक वर्षको तयारी भने नयाँ वर्षबाटै हुने गरेको छ । जस्तो संविधानमै हरेक गणतन्त्र घोषणा दिवस अर्थात् जेठ १५ गते नै सरकारले बजेट ल्याउने गर्छ । संसदमा व्यापक छलफल हुन्छ । दलहरु यसलाई लिएर संसदमा हंगामा गर्ने, ब्रिफकेस खोस्ने, तछाडमछाड गर्ने संस्कृति पनि देखाउन बाँकी राख्दैनन् । नेपालको संसदको बजेटबारे गुगल र युट्युबतिर गएर खोज्ने हो भने यस्ता भलिभाँतीका दृश्यहरु देखिन्छन् । जनताले चुनेर पठाएका सांसदहरुको हुलिया वर्षौंसम्म पनि देखिन्छ । पछिल्लो समय कार्यान्वयनमा आएको संघीयताको कान्छो सरकार प्रदेश सरकारले पनि असार १ गते बजेट ल्याउनै पर्ने व्यवस्था छ । अनि पुरानो र आमजनतासँग जोडिएको स्थानीय तहले पनि असार १५ गतेभित्र बजेट ल्याउनै पर्ने व्यवस्था छ । कतै वडाध्यक्ष र कार्यपालिका सदस्य, कतै प्रदेश सभा सदस्य र संघीय संसदमा बजेटको लामो छलफल सिलसिला चल्छ । यो सिलसिलाको तयारी वैशाखको अन्तिम साताबाटै हुन गरेको छ ।

बजेटमा यो पुगेन, त्यो पुगेन भनेर जनप्रतिनिधिहरु निकै कुर्लिन्छन् । यताको बजेट काटेर उता हाल्छन् । उताको बजेट काटेर अन्तै हाल्छन् । तर आर्थिक वर्ष सकिनै लाग्दा फेरि यसरी विनियोजित बजेट कार्यान्वयमा समस्या देखिन्छ । अझ मधेश प्रदेश यो मामला सबैभन्दा कमजोर देखिएको छ । कैयौँ शीर्षकका बजेटहरु फ्रिज हुने गरेका छन् । कागजी हिसाबमा भने अधुरो काममा पनि पूरा भुक्तानी दिने मामला पनि मधेश सरकार र मधेशका स्थानीय सरकारहरुकै नाम अघि आउँछ । यसैले पछिल्लो समय मधेश प्रदेशमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग सबैभन्दा बढी सक्रिय देखिएको छ । जनप्रतिनिधिदेखि कर्मचारी अख्तियारको निशानामा परिरहेका छन् । हरेक हप्ताजसो मधेशका जनप्रतिनिधि र कर्मचारीविरुद्ध भ्रष्टाचारको मुद्दा दायर भइरहेको पाइएको छ । यस्ता परिदृश्यहरुलाई पनि मनन् गर्नु पर्छ कि, आर्थिक वर्षमा विनियोजित बजेटलाई सही ढंगले परिचालन पहिलो प्राथमिकता बन्नु पर्छ न कि अन्तिममा रकमान्तर गरेर फेरि अख्तियारको निशानामा कोही नपरुन् ।

उसो त मधेश सरकारले रकमान्तर गरेको भन्दै छानबिन समितिसमेत बनेको छ । अर्थमन्त्री सञ्जय यादवले आफ्नो भूगोलमा रकमान्तर गरेको भन्दै एक दिन मधेश सरकारको बैठक नेकपा एमालेका सांसदहरुले अवरुद्ध गरे । छानबिन समिति बन्यो । संघीय सरकारमा पनि बजेट पारित हुन समय लाग्यो । प्रदेश सरकारहरुले पनि निकै छलफल र विवादबीच बजेट पारित गरेका छन् । सबैले आफूअनुकुल रकमको जोहो गरेपछि अवरुद्ध संघीय संसद र प्रदेश सभा सञ्चालनमा आए । नयाँ आर्थिक वर्षको बजेट पारित भएको छ । स्थानीय तहमा पनि बजेट पारित हुँदैछन् । केही स्थानीय तहमा समस्या छ । बाँकी स्थानीय तहले ल्याएको बजेट जनमुखी बनेको दाबी छ । त्यसको कार्यान्वयन कस्तो हुनेछ, नयाँ आर्थिक वर्षबाट हामी मसिनोसँग यसको अध्ययन गर्नेछौँ, स्थानीय तहसम्म पुग्नेछौँ । नयाँ आर्थिक वर्षमा पुरानै बदमासी कति दोहोरिनेछ, खबरदारी र राम्रा काममा हाम्रो साझेदारी कायम रहनेछ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# ठूलो माछा कहिले समातिने ?



श्रीमन नारायण

> ललिता निवास प्रकरणको छानविन तत्कालीन प्रधानमन्त्री के.पी.शर्मा ओली नेतृत्वको सरकारको पालामा शुरु भएको थियो । नक्कतली भुटानी शरणार्थी प्रकरणको अनुसंधान वर्तमान सरकारले अगाडी बढाएको हो । यी दुई कार्यवाहीले भ्रष्टचार गर्नेहरु ढिलो चाँडो कानुनको फन्दामा पर्ने सकारात्मक सन्देश प्रवाहित भएको छ । देशमा कानुनको शासन छ र गलत कार्य गर्ने व्यक्तिा जुनसुकै दलका र जति सुकै ठूलो हैसियतका भए पनि वर्तमान सरकारको पालामा पक्राउ पर्न सक्नेछन भने सन्देश प्रवाहित भएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" नेतृत्वको गठबन्धन सरकारको ६ महिनाको प्रारम्भिक अवधीलाई विश्लेहषण गर्ने हो भने यसका मिलीजुली परिणाम हुन् । शिलान्यास, उदघाटन, गोष्ठी, सम्मेलनमा भाषण गर्नु, रिबन काटनु र मातहत कर्मचारीहरुलाई निर्देशन दिने काम व्यापक रुपमा भएको छ । यसलाई सरकारको नियमित कार्यको अंश मान्नुि पर्दछ । वर्तमान सरकारको पालामा भई रहेको दुईवटा कार्यलाई महत्वपूर्ण एंव उपलब्धीमुलक मान्न सकिन्छ । ती हुन, एउटा ललिता निवास र नक्काली शरणार्थी प्रकरण । यी मध्ये ललिता निवास प्रकरणको छानविन तत्कालीन प्रधानमन्त्री के.पी.शर्मा ओली नेतृत्वको सरकारको पालामा शुरु भएको थियो । नक्कतली भुटानी शरणार्थी प्रकरणको अनुसंधान वर्तमान सरकारले अगाडी बढाएको हो । यी दुई कार्यवाहीले भ्रष्टचार गर्नेहरु ढिलो चाँडो कानुनको फन्दामा पर्ने सकारात्मक सन्देश प्रवाहित भएको छ । देशमा कानुनको शासन छ र गलत कार्य गर्ने व्यक्तिा जुनसुकै दलका र जति सुकै ठूलो हैसियतका भए पनि वर्तमान सरकारको पालामा पक्राउ पर्न सक्नेछन भने सन्देश प्रवाहित भएको छ ।

राज्यको अनुभूति जनतामा हुनु सकारात्मक कुरा हो तर अहिले पनि एउटा प्रश्नजतको जवाफ जनतालाई चाहिएको छ कि विगतका दिनमा अथवा हाल पदमा रहेका उच्च पदस्थ सरकारी कर्मचारी, मन्त्री, सांसद र स्थानीय निकासमा प्रमुख लगायतका मन्त्रीहरु कानुनको दायरामा कहिले आउने हुन रु राज्यको करछली गरेकाहरु र सरकारी ढुकुटी रित्याएकाहरु कानुनको फन्दामा कहिले पर्ने हुन, एक पटक अथवा दुईपटक मन्त्री भएका व्यक्तिहरु रातारात अर्वपति कसरी भएका हुन् रु जबसम्म दर्जनौंको संख्याएमा भ्रष्टचारी मन्त्रीहरु हिरासतमा पर्ने छैनन तबसम्म जनताको विश्वा स सरकारमाथि हुनसक्ने छैन ।

नेपालमा भ्रष्टचारको सामान्यीकरण भई सकेको छ । एउटा जननिर्वाचित प्रतिनिधीहरु आफ्नो चुनावी सफलतालाई भ्रष्टचार गर्ने इजाजतपत्र ठानेका हुन्छन जबकि एउटा कर्मचारी लोकसेवा आयोग उत्तिर्ण गर्ने वितिकै आफ्नो सेवा अवधिलाई भ्रष्टचार गर्ने वैधानिक कार्यकाल ठानेका हुन्छन् ।

देश र जनताको विकासको नाममा विनियोजित हुने बजेटलाई उपरोक्ता दुवैले आफ्नो निजी सम्पति ठानी भाग वण्डा गरी खानुलाई आफ्नो विशेषाधिकार ठान्नेफ गर्दछन् । उपरोक्त दुईमा व्याप्त यस अहंकार र भ्रमको अन्य् वि नहुनजेल सम्म भ्रष्टचारको अन्तय गर्न सकिदैन ।

नक्क्ली भुटानी शरणार्थी प्रकरणले नेपाली जनतामा व्याप्त लोभ र नेपालका सरकारी कर्मचारी, समाजसेवी र राजनितीज्ञहरुमा कायम ठगी प्रवृतिका चरित्रको उजागर गरेको छ । जाबो विदेशमा गएर शरणार्थीको भत्ता हात पार्न नेपालको नागरिकतालाई समेत लत्याई भुटानी बन्नव लाज नमान्ने हरुको नेपाल प्रेमलाई पनि यस घटनाले उजागर गरेको छ । डलर कमाउन भुटानी शरणार्थी बन्ना समेत लाज नमान्नेपहरुलाई पनि राष्ट्रविद्रोहको आरोपमा हिरासतमा राख्नुपर्ने हो । कुनै नेपाली नागरिकले नक्कनली भुट्टानी शरणार्थी बन्नह खोज्नु आफैमा अपराध र जालसाजी हो, त्यस्ता व्यक्तिलाई पिडित भन्नश सकिदैन । त्यस्ता व्यक्तिाहरु पनि राष्ट्रदोही र जालसाज हुन । गलत कार्य गराउन दवाब दिनु र घुसदिनु पनि अपराध हो । नक्कतली शरणार्थी बन्न् खोज्ने नेपालीहरु अपराधको भागी हुन्। सरकारले यस्ता अपराधीको नागरिकता खोस्नु पर्छ । लोभी मान्छे ठगिनु स्वाभाविकै हो ।

भुटानी शरणार्थीका नेता टेकनाथ रिजाललाई त बाचुन्जेल सम्म हिरासतमा राख्नु पर्ने हो । यी पाखण्डी रिजाल जस्ता व्यक्तिाका कारण नै लाखौ नेपाली भाषी भुटानीहरु अनागरिकको जीवन बिताउन बाध्य भए । केही चाटुकार नेपाली पत्रकारहरुले उनलाई नेलसन मण्डेलाको पगरी गुथि दिएका थिए । हाम्रो नेपाली समाजले रातारात कसैलाई देवत्वकरण गरिदिन्छ र त्यसको भोलीपल्ट नै दानवीकरण पनि गरी दिन्छ । टेकनाथ रिजाल जस्ता फटाहरुले गरेको दावीकै भरमा उनलाई नेलसन मण्डेलाको समकक्ष उभ्याउने प्रयास भयो । विश्वी इतिहासमा मसिहा एक मात्रै भए इशा मशीह अथवा जिसस क्राइस्ट । अरु कोही उनीजस्तै झुण्डिएका होइनन् रु तसर्थ मसिहा शब्दको दुरुपयोग नगरौ, अबमुल्यन नगरौ ।

नेपाली राजनितिमा त एक डेढ सातका लागि जेल गएका व्यक्तिललाई पनि तिनका चाटुकारहरुले मसिहाको संज्ञा दिने गर्दछन् । मण्डेला पनि विश्व इतिहासमा एउटा मात्रै भए, देशै पिच्छे मण्डेला हुन सक्दैन । त्यसैगरी महात्मा गान्धी पनि पृथ्वीमा एउटा मात्र भए । टेकनाथ रिजाल सर्वाधिक गलती गरेका हुन् ।उनलाई कठोर सजाए दिनुपर्छ । संभव भए पनि भुटानमै फिर्ता पठाई दिनुपर्छ ।

नक्कली शरणार्थी प्रकरणका दोषीहरु माथि कठोर कारवाही हुनुपर्छ । तिनीहरु माथि उदारता अथवा सदाशयता देखाईनु हुदैन । उपप्रधानमन्त्री र गृहमन्त्री रहेका व्यक्तिहरु, सचिव स्तरका कर्मचारी र सल्लाहकारको जिम्मेवारीमा वसेकाहरुवाट ठगीको घटना अकल्पनीय अपराध हो । यस्तै अवस्थामा रक्षकलाई भक्षक भन्नेस गरिन्छ ।

नेपालमा राजनितिक भ्रष्टचारको छानविन जुनरुपमा हुनुपर्ने हो त्यसरुपमा भईरहेको पाइदैन । त्यसलाई अन्तिम गन्तव्यसम्म पुग्नदिई विचमै टुङग्याउने हान्ने। गरिन्छ अथवा भ्रष्टचारको दिशालाई नै मोडने काम गरिन्छ । नक्कङली भुटानी शरणार्थी प्रकरणमा यस्तो अवस्था आउने सम्भावना छैन तर ललिता निवास प्रकरणमा यस्तो भएको हो । ललिता निवास प्रकरणको जग्गाका लाभन्वितहक मध्येका एक एमाले नेता विष्णु पौडेलका सुपुत्रले जग्गा फिर्ता गरिदिने शर्तमा मात्रै तिनलाई उन्मुक्ती प्रदान गरिएको हो । प्रत्येक लाभार्थीले यसरी नै आफ्नो हिस्साको जग्गा अथवा भ्रष्टचार गरेको रकम फिर्ता गर्दै जाने हो र प्रत्येकले सफाई पाउने हो भन्ने देशमा कानुन व्यवस्था हुनुको के अर्थ रु



ललिता निवास प्रकरणमा अनेकौ तिकडम गरेर सरकारी जग्गा व्यक्ति का नाममा नामसारी गरी बुहपक्षीय मिलोमतोमा बाँडचुड गर्ने बदमासी सन्चार माध्यिममा लगातार आएपछि त्यसको छानविन सुरु भयो । एक डेढ दर्जन कर्मचारीहरु पक्राउ पनि परे । नियतवश भ्रष्टाचार गर्ने अथवा त्यसमा सघाउने कर्मचारीहरु अवश्यर पनि कारवाहीका भागी हुन, तिनले सजाय पाउनु पर्छ तर सरकारी जग्गालाई व्यक्तिपको नाममा लैजाने अन्तिम निर्णयकर्ता त कर्मचारीहरु पक्कौ पनि थिएनन् । सिधै मन्त्रालय र मन्त्रीपरिषदबाट निर्णय भएको रहेछ भन्नो यस घोटालामा स्पस्टतः राजनितिक नेतृत्वकर्ताको संलग्नता थियो भन्नेन कुरा प्रष्ट हुन्छ । कर्मचारी होउन अथवा नेता, ललिता निवास प्रकरणमा भएको घोटालामा जजसको संलग्नता छ ति सबैलाई कानुनको दायरामा ल्याइनु आवश्यक छ ।

जनआन्दोलन २ को सफलता पश्चाात देशमा राजनितिक सहमतीको नाममा दलहरुले आफ्नो निहित महत्वाकांक्षाहरुलाई पूर्ति गर्न राजनितिक आवरण दिने काम गरे । विगत ज्ञठ वर्षमा नै अधिकांश भ्रष्टचारका घटना हुनुको प्रमुख कारण दलीय सहमती नै हो । यस अवधिमा कानुनी राज्यको अनुभूती नै भएन । सर्वदलीय र सहमती सरकारहरु मात्रै अस्तित्वमा आए । हाम्रो देशमा अहिले राजनिति१, कर्मचारीतन्त्र र व्यापारी लगायत समाजको ठूलो हिस्सामा जे गरेर पनि पैसा कमाउँदा हुन्छ भन्नेस अतृप्त महत्वाकांक्षा र लोभले काम गरेको छ । विगत ज्ञठ(ज्ञड वर्षमा मन्त्री भएकाहरु मध्ये ढण् प्रतिशतले भ्रष्टचार गरी अकुत सम्पती कमाएका हुन तिनीहरुलाई पनि छानविनको दायरामा ल्याइनु पर्दछ । तल्लोस्तरका कर्मचारीको गिरफतारीले मात्रै भ्रष्टचार रोकिने होइन । ठूलो माछा पनि समातिनु पर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभभ्का : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँभ्क : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
मान तथा पद पाइएला, धार्मिक तथा सामाजिक कार्यहरु सम्पन्न होलान ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धनधान्यको वृद्धि होला, मित्र तथा शुभचिन्तकको सहयोगले काम कार्यमा सफलता होला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
छोराछोरीको प्रगतिबाट प्रसंशा मिल्ला, मान्यजनको सहयोग सद्भाव पाउनाले आत्मबल निकै बढ्नेछ,।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
स्वास्थ्यमा सुधार आउनेछ, बैबाहिक तथा भोजमा सहभागी भइएला ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कृषि कार्य तथा ब्यबसायबाट निकै लाभ होला, समग्रमा आजको दिन राम्रै मान्नपर्छ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
काम कार्यमा ढिलाई होला, मानसिक अशान्ति तथा फजुल खर्च होला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
इस्टमित्रबाट धोका पाइनेछ, अध्ययन अध्यापनमा पनि बाधा आइपर्ला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
माता तथा मावलितर्फबाट बिशेष सहयोग पाइनेछ, काम कार्यमा सफलता तथा सुख प्राप्त हुनेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
राज्यसम्बन्धी काममा भने केहि प्रतिकुल हुनसक्छ । सामाजिक तथा परोपकार सम्बन्धी कार्यहरु गरिएला।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन अध्ययन अध्यापन तथा धार्मिक कार्यहरु सफल होलान ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
शत्रुहरु गुप्तरुपले सक्रिय रहलान, बिनाकारण अपजस पाइएला । ब्यर्थ भ्रमण तथा व्यापार ब्यबसायमा नोक्सान होला।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आजको दिन पत्नी आज्ञाकारी हुनेछिन, दैनिक जीवनका कार्यहरु सुधार हुदै जालान ।

# आजपा नेता यादवद्वारा निशुल्क विरुवा बितरण



**मधेशदृष्टि**
**रौतहट ।**
प्रभू साह नेतृत्वको आम जनता पार्टीका नेता निवेश यादवले १५ सय आँपको बिरुवा निशुल्क वितरण गरेका छन् ।आफ्नो क्षेत्रमा १ लाख विरुवा रोप्ने पूर्वघोषणा अन्तर्गत नेता यादवले राजदेवी नगरपालिका–७, मुडवलवाका स्थानीयलाई १५ सय आँपको विरुवा बाँडेका हुन् । दक्षिणी क्षेत्रमा बोटविरुवाको अभावका कारण गर्मी बढेको र पानी पर्ने प्रणालीमा व्यापक परिवर्तन आएर खेतीकिसानीमा समेत समस्या उत्पन्न भएको भन्दै नेता यादवले एक लाख विरुवा रोप्ने अभियानको थालनी गरेका थिए । आम्रपाली, मालदह, बम्बईलगायत प्रजातिका विरुवा वितरण गर्दै नेता यादवले स्वस्थ्य वातावरण बिना स्वस्थ्य जीवनको परिकल्पना गर्न नसकिने बताए । उनले आफ्नो नगरपालिकामा एक लाख विरुवा रोप्ने संकल्प समेत गरेको जानकारी दिए ।नेता यादवले किसानलाई फलफुल लगायतको विरुवा वितरण गर्ने तथा सडक किनार एवम् सार्वजनिक स्थानमा वृहत वृक्षारोपण गर्ने थप योजना रहेको जीकिर गरे । राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति जनकपुर कार्यालयको समन्वयमा नेता यादवले आँपको विरुवा बाँडेका हुन् । नेता यादव आम जनता पार्टीका केन्द्रीय प्रचारप्रसार विभाग उपप्रमुख एवम् आईटी आर्मीका उपाध्यक्ष हुन् ।

# राजनीति त्यागेर मन्दिरको विकास गरौँ



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
'रामायणकालीन कपलेश्वर महादेव मन्दिरको संरक्षण र प्रवद्र्धन आवश्यक देखिएको छ, त्यसैले राजनीतिबाट उठेर काम गर,' कपलेश्वर महादेव मन्दिर परिसरमा आयोजित शुभकामना कार्यक्रममा पूर्वमन्त्री तथा सांसद जुली महतोले भनिन्, 'मन्दिर संरक्षणमा राजनीति गरिनु हुन्न ।'
कार्यक्रममा मधेश प्रदेशकी मन्त्री सुरिता यादवले कपलेश्वरको विकासका लागि गुरु योजना ल्याउनुपर्ने बताइन् । प्रदेश सभाका सांसद दीपेन्द्र ठाकुरले आफ्नो संसदीय कोषबाट मन्दिरको विकास गरिने बताए । पूर्वमेयर लालकिशोर साहले मठमन्दिरको जग्गा अतिक्रमण भइरहेकाले रोकिनु पर्ने बताए ।
कपलेश्वर युथ क्लबका अध्यक्ष मनोजकुमार साहको अध्यक्षतामा भएको कार्यक्रममा वडा अध्यक्ष रामचन्द्र पञ्जियार, पूर्व वडाअध्यक्ष रामशिष पञ्जियार, विक्रम पञ्जियारले धारणा राखेका थिए । यसअघि रामायणमकालीन कपलेश्वर महादेव मन्दिरबाट कलश यात्रा निस्किएको थियो ।
गाजाबाजासहित निस्किएको कलश यात्रामा सैयौँ महिला सहभागी थिए । जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ, उपाध्यक्ष आँसु प्रसाद साह, उपाध्यक्ष मनिष रमण सिंह, प्रकाशचन्द्र साह, शिवशंकर साह हिरा, जानकीमा बस व्यवसायी संघका अध्यक्ष मनोजकुमार साहलगायतको सहभागिता थियो । गंगासागर सरोवरमा महिलाले पानीले भरेर नगर परिक्रमा गर्दै कपलेश्वर महादेव मन्दिरमा पुगेका थिए । नगरवासीले फूलमालाले कलश यात्रालाई स्वागत गरेका थिए ।

# सीपलाई व्यवहारमा लागु गर्नुपर्छः अध्यक्ष चौधरी





**मधेशदृष्टि**
**वीरगंज ।**
'सिक्दै जाऔँ, कमाउँदै जाऔँ' अवधारणाका साथ वीरगंज कलेजले संचालन गरेको सात दिने सीप विकास तालिम सम्पन्न भएको छ ।
कलेज प्राङ्गणमा आयोजित समापन समारोहमा तालिमका क्रममा विद्यार्थीहरूले बनाएका विभिन्न सामग्रीहरूको प्रदर्शनी गर्दै तालिम सम्पन्न भएको थियो । कलेजका विद्यार्थीहरूका लागि लक्षित डल, कुसन, सर्फ र साबुन बनाउने तालिम प्राप्त गरेका हुन् ।
तलिम समापन कार्यक्रमलाई सम्बोधन गर्दै कलेज संचालक समितिका अध्यक्ष डा. दिपेन्द्र कुमार चौधरीले विद्यार्थीहरुले सिकेको सीपलाई व्यवहारमा लागु गर्नुपर्ने भन्दै उनीहरुले बनाएको सामग्री बजारीकरण गर्नका निमित्त आफू तयार रहेको बताए । अर्थविद् समेत रहेका डा. चौधरीले वर्तमान परिवेशमा सैद्धान्तिक शिक्षा मात्र पर्याप्त नरहेको भन्दै कलेजले विद्यार्थीहरूमा उद्यमशीलता विकास गर्न तालिमको आयोजना गरेको बताए ।
कार्यक्रममा बोल्दै वीरगंज उद्योग वाणिज्य संघका उपाध्यक्ष हरि गौतमले सीपले विद्यार्थीलाई सक्षम बनाउने बताए । उनले नेपालबाट विद्यार्थीहरू लाखौँ खर्च गरेर अस्ट्रेलिया, अमेरिका, युरोपतिर शिक्षा हासिल गर्न जाने गरेको अवस्थामा मध्यम वर्गीय परिवारका छोराछोरीका लागि यस्ता तालिम प्रभावकारी हुने बताए । उनले यही पढाई पनि गर्ने, कमाई पनि गर्ने भएकोले यो तालिमले मध्यमवर्गीय परिवारका छोराछोरीहरुको लागि प्रभावकारी सावित हने विश्वास व्यक्त गरे । जनमत पार्टीका पर्सा जिल्ला संयोजक ओमप्रकाश सर्राफले शिक्षासँगै उद्यमशीलता आजको आवश्यकता भएको बताए । उनले वीरगंज कलेजबाट विभिन्न तहका सरकारले पाठ पनि सिक्नुपर्ने बताए । तालिममा विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको वृद्धि

**रासस**
**काठमाडौं ।**
धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अङ्कले उकालो लागेको छ । चालु आर्थिक वर्षको अन्तिम कारोबार सकारात्मक रहेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १२ दशमलव १६ अङ्कले उकालो लागेर दुई हजार ९७ दशमलव शून्य नौ मा पुगेको छ । ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ९० अङ्कले उकालो लागेर तीन सय ९४ दशमलव १५ मा पुगेको छ ।
कारोबार भएका कूल १३ उपसमूहमध्ये पाँच उपसमूहको शेयर मूल्य ओरालो लाग्दा आठ उपसमूहको शेयर मूल्यमा भने बढोत्तरी भएको छ । कूल ७१ लाख ८४ हजार दुई सय ५४ कित्ता शेयर दुई अर्ब ३७ ६४ लाख २७ हजार पाँच सय ७३ रुपैयाँ बराबरको कारोबार भएको छ ।
कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको १९ करोड १३ लाख ११ हजार तीन सय ७२ रुपैयाँ बराबरको कारोबार भएको छ । हिमालयन लाइफ इन्स्योरेन्स १ करोड ६९ लाख ४५ हजार रुपैयाँ, माउण्टेन इनर्जी नेपाल नौ करोड ८४ लाख ९१ हजार नौ सय ८० रुपैयाँ, हिमालयन एभरेष्ट इन्स्योरेन्स सात करोड ६२ लाख ७४ हजार आठ सय पाँच रुपैयाँ र एशियन लाइफ इन्स्योरेन्स सात करोड ५९ लाख ९८ हजार आठ सय ८१ रुपैयाँ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् ।
नेप्सेका अनुसार, सनराइज फोकस्ड इक्विटी फण्ड १०, एनआइविएल नौ दशमलव ९२, सानिमा ग्रोथ फण्ड नौ दशमलब ९०, सिटिजन म्युचुअल फण्ड नौ दशमलव ८३ र माछापुच्छ्रे« बैंकको ऋणपत्रका लगानीकर्ताले नौ दशमलव ४१ प्रतिशतले कमाएका छन् । यस्तै, लिवर्टी इनर्जी पाँच दशमलव ९६, मकर जितुमाया सुरी हाइड्रोपावर पाँच दशमलव ८३, मञ्जुश्री फाइनान्स तीन दशमलव ९४, हिमालयन हाइड्रोपावर तीन दशमलव ८६ र कर्पोरेट डेभलपमेन्ट बैंकका शेयरधनीले तीन दशमलव ७१ प्रतिशतले गुमाएका छन् ।

# विदेशमा सिकेको सीपले स्वदेशमा स्वरोजगार

**रासस**
**पोखरा ।**
जागिरको खोजीमा दैनिक हजारौँ युवाहरु विदेशी भूमिमा पुग्छन् । स्वदेशमा भने जस्तो जागिर नपाउँदा श्रमको खोजीमा विदेशी भूमिमा जानु बाध्यता नै हो । तर यहाँका एक व्यक्ति भने विदेशमा सिकेको सीप सदुपयोग गर्दै स्वरोजगार बनेका छन् । पोखरा महानगरपालिका–१५ वन क्याम्पस लेन नं. ११ का ४२ वर्षे कमलबहादुर बोहोराले अष्ट्रेलियामा सिकेको मूर्तिकला प्रयोगमा ल्याउँदै आफू मात्र रोजगार नभई अरुलाई पनि रोजगारी दिएका छन् ।
भारतीय सेनामा १७ वर्ष काम गरी निवृत्त भएसँगै उनी जागिरको सिलसिलामा अष्ट्रेलिया पुगेका थिए ।
उनले त्यहाँ रहँदा मूर्तिकारको सहयोगीका रुपमा काम गरे । 'अष्ट्रेलियामा मूर्तीकारले होटल तथा घरमा सौन्दर्यकरणका लागि पानीका झरना सहितका चरनमा रहेका जंगली जनावर र



मागअनुसार मूर्ती बनाउनुहुन्थ्यो', उनले भने 'सहयोगी भएर ६ महिना काम गरेपछि यस्तो काम त म नेपालमा गएर पनि गर्न सक्दछु भन्ने दृढ इच्छा शक्तिका साथ स्वदेश फर्किए ।'
उनी अष्ट्रेलियामा काम गर्दा मासिक दुई लाख रुपैयाँ आम्दानी गर्ने गरेका थिए । पछि त्यहाँ सिकेको सीपले पोखरामै व्यवसाय गर्न सकिन्छ भन्ने लागेर उनी स्वदेश फर्के । छ वर्ष अघि स्वदेश फर्केका उनले मासिक ७० हजार रुपैयाँभन्दा बढी आम्दानी गरिरहेका छन् भने तीन जनालाई जागिर पनि दिएका छन् । होटल, घर, विद्यालय लगायतका लागि काम गर्ने भन्दै उनले भने 'पानीको झरना, आसपासमा बच्चा सहितको मृग र ग्राहकको इच्छा अनुसारको देवदेवताको मूर्ती निर्माण गर्दा सामग्री बाहेक १२ हजार ज्याला लिन्छु ।' आर्टसमा समेत रुचि राख्ने उनले घरको सिलिङ र विद्यालय सौन्दर्यकरणमा समेत काम गर्ने बताउँछन् ।
उनीसँग हाल ढाकाराम अधिकारीका साथै बर्दियाका समित थारु र विजय थारुले काम गरि रहेका छन् ।
उनीहरुले मासिक १७ हजार रुपैयाँका दरले पारिश्रमिक पाउँछन् । 'मेरोमा काम नभएको समयमा उहाँहरु अन्यत्र काम गर्न जानुहुन्छ', उनले भने । पोखरा महानगरपालिका वडा नं. १७ सिताको पाइलास्थित ऐतिहासिक धार्मिक क्षेत्र सदाशिव हरिहर मन्दिर परिसरमा १०८ शिवलिङ्ग र १०८ गौमुखे धारा निर्माण गर्दै गरेका मूर्तिकार बोहोरा स्वदेशमा केही गर्छु भन्ने सोच राख्ने हो भने विदेश जानु नपर्ने बताउँछन् ।
'एक जोडि शिबलिङ्ग र गौमुखे धारा निर्माण गरेको छ हजार पाँच सय रुपैयाँका दरले सात लाख दुई हजार रुपैयाँ लिने गरी मन्दिर व्यवस्थापन समितिसँग सम्झौता भएको छ', उनले भने । शिवलिङ्ग र पानी झर्ने झरनासहितको गौमुखे धाराले प्रसिद्ध धार्मिक क्षेत्र मुक्तिनाथको झझल्को दिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र भण्डारीले जानकारी दिए ।

# नेपालमा आउने पर्यटकको संख्या बढ्यो तर खर्च घट्यो

**बिबिसी ।**
सन् २०२३ को पहिलो छ महिनामा विगतका वर्षहरूको तुलनामा पर्यटकहरूको आगमनमा उल्लेख्य वृद्धि भएको तर उनीहरूले नेपालमा गर्ने औसत खर्च घटेको अधिकारीहरूले बताएका छन् ।
नेपालमा पर्यटकहरूले गर्ने औसत खर्च घट्दा त्यसले पर्यटनसँग सम्बन्धित व्यवसायीहरूलाई भने चिन्तित बनाएको छ । पर्यटन बोर्डका अनुसार नेपालमा आउने पर्यटकहरूको संख्या क्रमिक रूपमा बढिरहेको भएपनि उनीहरूले नेपाल बसाइका क्रममा गर्ने खर्च भने घटिरहेको पाइएको छ ।
बोर्डका निर्देशक समेत रहेका सह प्रवक्ता मणि लामिछानेका अनुसार पछिल्लो विवरण अनुसार नेपालमा पर्यटकहरूले प्रतिदिन गर्ने खर्च ४०.५ अमेरिकी डलर (करिब ५,४०० नेपाली रुपैयाँ) मा खुम्चिएको छ । यसअघि सन् २०२१ मा पर्यटकहरूले नेपालमा प्रतिदिन ४८ अमेरिकी डलरसम्म खर्च गरेका थिए । यस्तो खर्च कोभिड महामारीका कारण अनिवार्य क्वारन्टीनको नियमका कारण सन् २०२० मा ६५ अमेरिकी डलरसम्म पुगेको बताइन्छ । तर त्यसअघि पनि नेपाल आउने पर्यटकहरूको प्रतिदिन औसत खर्च ५० अमेरिकी डलर आसपास हुने गरेको विभिन्न तथ्याङ्कमा उल्लेख छ । यसको प्रमुख कारण नेपालमा पर्यटक आउने देशहरूको अर्थतन्त्रमा आएको मन्दीसँगै कोभिड महामारीको प्रभाव पनि हुनसक्ने जानकारहरू बताउँछन् ।

**नेपाल आउने पर्यटकको संख्या कति बढ्यो ?**

कोभिड महामारीपूर्वकै अवस्थामा विदेशी पर्यटक भित्र्याउने सरकारी निकायहरूले पहल गरिरहेको बताएपनि सरकारले सार्वजनिक गरेको वार्षिक बजेटमा सन् २०२३ भित्र १० लाख पर्यटक भित्र्याउने लक्ष्य राखेको छ । सरकारको लक्ष्यअनुसार आगामी डिसेम्बरसम्म पाँच लाख बढी पर्यटक आउनेमा धेरैलाई आशंका छ । तर पर्यटन बोर्डका सह प्रवक्ता लामिछाने बाँकी छ महिनामा छ लाख पर्यटक आउने सम्भावना रहेको बताउँछन् ।
'सेप्टेम्बरदेखि नोभेम्बरबीचको तीन महिनामा मात्रै तीनदेखि चार लाख पर्यटक आउने अनुमान छ । बाँकी महिनाहरूमा पनि औसत ६०,००० पर्यटक आउँछन्,' उनले भने ।
नेपालमा पर्यटक आगमनको तथ्याङ्क हेर्ने हो भने अक्टोबर महिनामा सबैभन्दा धेरै पर्यटक आउँछन् । हालसम्मकै सबैभन्दा धेरै पर्यटक आएको वर्ष सन् २०१९ मा अक्टोबर महिनामा एक लाख ३४,००० पर्यटक नेपाल आएका थिए । तर वर्षको सुरुमा सबैभन्दा धेरै विदेशी पर्यटक नेपाल आउने मार्च महिनामा यो वर्ष करिब एक लाख मात्रै पर्यटक नेपाल आएका छन् । सन् २०१९ को मार्चमा एक लाख २७,००० पर्यटक नेपाल आएका थिए ।

**कुन देशका पर्यटक धैरै आउँछन् ?**

अध्यागमन विभागका अनुसार नेपालमा सबैभन्दा धेरै पर्यटक दक्षिणी छिमेकी राष्ट्र भारतबाट आउँछन् । यो वर्षको पहिलो छ महिनामा भारतबाट मात्रै एक लाख ६७,००० पर्यटक हवाईमार्गबाट आएका छन् । गत एप्रिलबाट



चीनले कोभिडसम्बन्धी प्रतिबन्धहरू खुला गरेपछि त्यहाँबाट आउने पर्यटकहरूको संख्या पनि उल्लेख्य वृद्धि भएको पर्यटन बोर्डका अधिकारीहरू बताउँछन् ।
तर सन् २०२३ को जूनसम्म चीनबाट जम्मा २०,००० पर्यटक मात्रै आएको देखिन्छ ।
नेपालमा कोभिड महामारीपूर्वका वर्षहरूमा भने चीनबाट आउने पर्यटकहरूको हिस्सा ११ देखि १५ प्रतिशतसम्म देखिन्छ । यो भारतीय पर्यटकपछि सबैभन्दा धेरै हो । भारतबाट आउने पर्यटकहरूको हिस्सा कोभिडपूर्वका वर्षहरूमा १३ देखि २३ प्रतिशतसम्म देखिन्छ । तर सन् २०२१ मा भारतीय पर्यटकहरूको हिस्सा करिब ४३ र २०२२ मा ३४ प्रतिशत रह्यो । पर्यटन बोर्डका अनुसार यो वर्षको पहिलो छ महिनामा मात्रै ४,७६,४८१ जना पर्यटक नेपाल आइसकेका छन् । तीमध्ये सबैभन्दा धेरै सार्क राष्ट्रबाट ४१ प्रतिशत छन् । युरोपबाट १७ र एशियाका अन्य देशबाट १५ प्रतिशत पर्यटक नेपाल भित्रिएका छन् ।

**पर्यटनमा आश्रित व्यवसायहरू कस्तो अवस्थामा छन् ?**

होटल व्यवसायीहरूको साझा संस्था होटेल असोसिएशन अफ नेपालका अध्यक्ष विनायक शाह पर्यटकहरूको संख्या बढेपनि होटल व्यवसाय घाटामै रहेको बताउँछन् ।
जानकारहरूका अनुसार यसको एउटा कारण पछिल्लो समय थपिएका नयाँ होटलको उल्लेख्य संख्या पनि हो । अध्यक्ष शाह होटलहरूको व्यापार नाफामा जानका लागि कम्तीमा ३८ देखि ४० प्रतिशत बुकिङ हुनुपर्ने बताउँछन् । उनका अनुसार अहिले होटलहरूको बुकिङ एकतिहाइको हाराहारीमा छ ।
'केही ठूला होटलहरू राम्रै चलेका छन्, तर बाँकीलाई समस्या छ । हामीसँग सेवा बढेको छ, तर माग बढाउन सकेका छैनौँ । त्यसका लागि पर्यटकहरू ल्याउने पूर्वाधार बढाउन जरुरी छ,' उनले भने ।
नेपालमा पर्यटक र तारे होटेलहरूमा शय्याको संख्या २०६९ सालमा ३१,००० रहेकोमा २०७९ सालसम्म बढेर ५३,००० पुगेको छ । पोखरा र भैरहवामा नयाँ बनेका क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडान सञ्चालनमा ल्याउन सकिए त्यसले नेपालको पर्यटनलाई थप सहयोग पु¥याउन सक्ने शाह ठान्छन् ।
नेपालको प्रमुख पर्यटकीय सहर पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ राजधानी काठमाण्डांै र अर्को प्रमुख पर्यटकीय गन्तव्य सौराहा जोड्ने सडक पूर्वाधारको रुग्ण अवस्थाका



कारण पोखरामा पर्यटकको संख्या घटेको बताउँछन् । मुग्लिङ–पोखरा सडक खण्ड र नारायणगढ–बुटवल सडक खण्ड विस्तारको काम भइरहेका कारण धूलो र हिलोको समस्याले पर्यटकहरू यो बाटो यात्रा गर्न अनिच्छुक देखिएको हुनसक्ने पोखराका व्यवसायीहरूको आकलन छ । 'बाटोका कारण पनि विगतमा पाँचदेखि छ घण्टामा हुने यात्राका लागि दोबर समय लागेको अवस्था छ । त्यसमा सरकाले गम्भीर भएर सोच्न जरुरी छ,' उनले भने ।
कोभिड महामारी कम भएपछि पर्यटक आगमन सुधारोन्मुख रहे पनि सन्तोषजनक नभएको उनले बताए । 'भूकम्पअघि अफ–सीजनमा पर्यटकको कमी थिएन । हामीले उनीहरूको चहलपहल भूकम्पअघिको अवस्थामा पु¥याउन आफ्नो क्षेत्रबाट प्रवर्धनका कामहरू गर्नुपर्ने देखिन्छ,' उनले भने ।
उनले कतिपय व्यवसायीहरूलाई अझै पनि भाडा तिर्न र किस्ता तिर्न समस्या रहेको बताए ।

**पर्यटक बढाउन के गरिँदैछ ?**

पर्यटन बोर्डका सह प्रवक्ता लामिछाने नेपालमा पर्यटकहरूको आगमन ८० प्रतिशतले पुनर्स्थापित भएको बताउँछन् । उनका अनुसार विशव अर्थतन्त्रको अवस्था थप खराब नभए नेपालमा आउने पर्यटकहरूको संख्या थप बढ्दै जाने आकलन गरिएको छ । अन्तर्राष्ट्रिय स्तरमा प्रवद्र्धनका कार्यक्रम गर्न जरुरी रहेको पोखरा पर्यटन परिषद्का अध्यक्ष श्रेष्ठ बताउँछन् ।
'अहिलेसम्म हामीले भारत र दक्षिण पूर्वी एशियामै प्रवर्धन गरिरहेका छौँ । किनभने यो क्षेत्रमा हवाई भाडा पनि सस्तो छ । युरोपमा आर्थिक मन्दी पनि भएका कारण हामीले यो क्षेत्रमा प्रवद्र्धनका कामहरू यसपालि कम गरे पनि व्यवसायीहरूले आफ्नै बलबुतामा गरिरहनुभएको छ,' लामिछानेले भने । बोर्डले यसअघि दक्षिण कोरिया, मलेसिया, सिङ्गापुर, बाङ्ग्लादेश र दक्षिण कोरिया लगायतका देशहरूमा यो वर्ष पर्यटन प्रवर्धनका कार्यक्रम गरिएको जनाएको छ ।

**पर्वतारोहणमा के छ स्थिति ?**

नेपालमा पर्यटन व्यवसायको मेरुदण्ड भन्ने गरिएको पर्वतारोहणका लागि आउने पर्यटकहरू भने यो वर्ष उल्लेख्य संख्यामा बढेका छन् । पर्यटन विभागका अनुसार यो वर्षको वसन्त याममा २८ वटा हिमाल आरोहणका लागि १,१७६ जनाले अनुमति लिएका थिए । जसबाट सरकारलाई रोयल्टी मात्रै ७६ करोड ५७ लाख नेपाली रुपैयाँ संकलन भएको थियो । त्यसमध्ये अधिकांश आरोहीहरू विदेशी थिए ।
गत वर्ष यही याममा आरोहणको अनुमति लिनेको संख्या ९८६ थियो भने त्यसमा ६४ जना नेपाली थिए । हिमाल आरोहण अनुमतिबाट गत वर्ष झन्डै ५० करोड रोयल्टी सङ्कलन भएको थियो । कोभिड महामारी सुरु हुनुअघि सन् २०१९ मा पनि ८६८ जनाले मात्रै आरोहण अनुमति लिएका थिए जसबाट करिब चार करोड ५० लाख राजस्व संकलन भएको थियो । आरोहणका लागि आउने पर्यटकहरूको बसाइ पनि लामो हुने र आरोहण टोली र सहयोगीका रूपमा धेरै जना नेपालीले रोजगारी समेत पाउने भएका कारण पर्वतारोहणमा धेरै पर्यटक आउँदा यो क्षेत्र चलायमान हुने जानकारहरू बताउँछन् ।



# कोरियामा भीषण बाढी तेत्तीस जनाको मृत्यु



**सिन्ह्वा**
**सोल ।**
दक्षिण कोरियामा गत साताको भारी वर्षा र बाढीका कारण ३३ जनाको मृत्यु भएको छ भने अन्य १० जना बेपत्ता भएका छन् । सरकारी अधिकारीका अनुसार उत्तरी ग्याङसङ प्रान्त र मध्यचुङचेङ प्रान्तमा उनीहरूको मृत्यु भएको हो ।

पछिल्ला दिनमा लगातार परेको वर्षाले देशभरका अधिकांश भू–भाग डुबानमा परेका छन् । गत साता ५०० मिलिमिटरभन्दा बढी वर्षा भएको अभिलेख गरिएका प्रदेशमा भारी वर्षाको चेतावनी जारी गरिएको थियो ।

उत्तरी ग्योङसाङ प्रान्तमा दश जना बेपत्ता छन् । बाढी, घर भत्किँदा र पहिरोमा परेर मुलुकभर ज्यान गुमाउनेको सङ्ख्या बढेको छ । मध्य शहर ओसोङमा बाढीले बगाएको भूमिगत सुरुङमा फसेका सवारीसाधनबाट गत राति सातवटा शव निकालिएको थियो । अविरल वर्षाबाट प्रभावित १३ वटा शहरका सात हजार आठ सय ६६ जनालाई विस्थापित भएका छन् ।

सार्वजनिक सुविधाहरूको क्षतिको सङ्ख्या एक सय ४९ पुगेको छ । सडक भत्किएका छन्भने सवारी साधन बगेका छन् जतातत्तै बाढीको विनाशमात्र दृष्टिगोचर हुन्छ ।


# अमेरिका बन्दुक हिंसाः चार जनाको हत्या



**सिन्ह्वा**
**वासिङ्टन ।**
अमेरिकाको जर्जिया राज्यमा शनिबार बिहान भएको गोलीकाण्डमा चार जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् । जर्जियाको राजधानी एट्लान्टाबाट ४५ किलोमिटर टाढा दक्षिणपश्चिमी हेनरी काउन्टीको ह्याम्पटनको डगवुड लेक्स क्षेत्रमा गोली हानाहानमा तीन जना पुरुष र एक महिलाको हत्या भएको हो ।

एकचालिस वर्षीय आक्रमणकारी आन्द्रे लङ्गोरको खोजी भइरहेको प्रहरीले जनाएको छ । निजका बारेमा जानकारी भएमा प्रहरीलाई सम्पर्क गर्न सर्वसाधारणमा अनुरोध गरिएको छ । प्रहरीले सामाजिक सञ्जालमा जारी गरेको सूचनामा निजको नजिक जानुको सट्टा प्रहरीलाई खबर गर्न आग्रह गरिएको छ । यो वर्ष अमेरिकामा बन्दुक हिंसाका तीन सय ८२ घटना भएका गैरनाफामुखी समूह 'गन भइलेन्स'ले आफ्नो पछिल्लो प्रकाशनमा उल्लेख गरेको छ । यसैबीच, अमेरिकी समाचार संस्था एपीले बन्दुक हिंसाबारे प्रकाशन गरेको एक समाचारमा यो वर्ष बितेका छ महिनामा भएका आम नरसंहारका २८ वटा घटनामा एक सय ४० जनाले ज्यान गुमाएका जनाइएको छ ।

# स्वदेश फर्कन अस्वीकार गर्दै रोहिन्ज्या शरणार्थीहरू



**बिबिसी ।**
म्यान्मार र बाङ्गलादेशले विस्थापित रोहिन्ज्या शरणार्थीहरूलाई उनीहरूकै थातथलोमा फिर्ता पठाउने तेस्रो प्रयास गरिरहेका छन् । अहिले बाङ्ग्लादेशमा बसिरहेका शरणार्थीहरूलाई घर फर्कँदा प्रतिपरिवार २,००० अमेरिकी डलर (दुई लाख ६० हजार रुपियाँभन्दा बढी) दिने प्रस्ताव पनि विवादित भएको छ । सन् २०१७ मा सैन्य दमन सुरु भएपछि करिब आठ लाख रोहिन्ज्या मुस्लिमहरूले म्यान्मारबाट भागेर बाङ्ग्लादेशमा शरण लिएका थिए ।

बौद्ध धर्मावलम्बीहरूको बाहुल्य रहेको म्यान्मारमाथि जातीय नरसंहारको विषयमा संयुक्त राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय अदालतले अनुसन्धान गरिरहेको छ ।

**सशस्त्र सुरक्षा पहराभित्र शिविर**

मे महिनाको सुरुमा अनिस (परिवर्तित नाम)लाई म्यान्मारको रखाइन राज्यस्थित नागपुरामा बनेको नयाँ आवास क्षेत्रमा घुमाउन लगियो । 'उक्त क्याम्पको वरिपरि तारबार छ र सुरक्षाकर्मीहरूले पहरा दिएका छन्,' उक्त भ्रमणमा सुरक्षा पहरासहित लगिएका २० जना रोहिन्ज्यामध्येका एकजना अनिसले भने । 'यस्ता घरका कोठाहरू पनि निकै साँघुरा छन् । आठ फिट चौडाइ र १२ फिट लम्बाइका होलान् । घरमा एउटा मात्र ढोका छ र एक देखि दुईवटा मात्रै झ्याल छन्,' उनले भने । 'ढोका पनि निकै होचा र साँघुरा छन् । भित्र पस्न पनि टाउको निहु¥याउनु पर्छ ।' तर अनिसलाई झस्काएको भवनहरूको संरचनाले मात्रै चाहिँ होइन ।

'हामीले कुनै पनि सम्पत्ति र व्यापारको स्वामित्व लिन नपाउने उनीहरूको प्रस्ताव छ । हामी अरू मानिसहरू सरह अधिकार चाहन्छौँ । जसकारण म आफ्ना बच्चाहरू विद्यालय पठाउन सकूँ,' उनले भने ।

'हामीलाई कुनै पनि सहर घुम्न कुनै अनुमति आवश्यक नपरोस्,' अनिस भन्छन् ।

**संयुक्त राष्ट्रसङ्घ सहभागी छैन**

बाङ्ग्लादेश र म्यान्मारबीच शरणार्थीहरूलाई फिर्ता लैजाने सम्बन्धी सम्झौतामा सन् २०१७ मै हस्ताक्षर भएको थियो । यद्यपि आफूहरूको पूर्ण अधिकार सुनिश्चित नभएसम्म म्यान्मार नफर्कने रोहिन्ज्याहरूको अडानका कारण उनीहरूलाई फिर्ता लैजाने यसअघिका दुई प्रयास असफल भइसकेका छन् ।

साधरणतया यस प्रकारका स्वदेश फिर्ती अभियानहरू संयुक्त राष्ट्रसङ्घको निगरानीमा सञ्चालित हुने भए तापनि यस योजनालाई म्यान्मार र बाङ्ग्लादेशले स्वतन्त्र रूपमा अघि बढाएका छन् ।

'यो प्रक्रिया स्वैच्छिक हो । हाम्रो मुख्य उद्देश्य आत्मसम्मानसहित स्वदेश फिर्ती हो,' बाङ्ग्लादेशका शरणार्थी आयुक्त मोहम्मद मिजानुर रहमानले भने ।

'कसैलाई पनि बलपूर्वक विस्थापित गर्ने हाम्रो नियत होइन । यो कुनै गोप्य कुरा पनि होइन हामी यस विषयमा खुला छौँ ।'

तर बाङ्ग्लादेशी प्रशासनले उनको समूहमाथि स्वदेश फिर्तीको योजनामा हस्ताक्षर गर्न दबाब दिइरहेको अनिस बताउँछन् । 'मेरो मोबाइल फोन स्विच अफ गरेको छु । म एक जना मेरा भाइको मोबाइलबाट कुरा गरिरहेको छु,' उनले भने । 'हामी कोही पनि त्यहाँ फर्कन चाहिरहेका छैनौँ । हामीले बरु हामीलाई मारेर लास फिर्ता लैजाऊ भनेका छौँ ।'

**बाङ्ग्लादेशमा म्यान्मारको प्रतिनिधिमण्डल**

सुल्तान (परिवर्तित नाम)ले दुई महिनाअघि म्यान्मारबाट आएको प्रतिनिधिमण्डललाई बाङ्ग्लादेशको कोक्स बजारमा भेटेका थिए । 'मलाई मेरो नाम पनि उक्त सूचीमा छ भनिएको छ । किन यति धेरै मानिसहरूमध्ये मेरै नाम चाहिँ सूचीमा राखियो ?' उनको प्रश्न छ । 'उनीहरूले मलाई सबैभन्दा पहिले हामीलाई मङ्दू (स्थानीय नाम मङ्द) लैजान्छौँ भनेका थिए । त्यहाँ उनीहरूले १५ वटा क्याम्प बनाएका छन् जहाँ हामी तीन महिनासम्म बस्नुपर्ने भनिएको थियो,' उनले सुनाए । सुल्तानको परिवार रखाइन राज्यस्थित मङ्द नजिकैको गाउँबाट आएको हो । त्यहाँ उनको परिवारको जग्गा र सम्पत्ति पनि थियो । तर उनीहरूले छोडेपछि त्यसको अवस्था कसैलाई पनि थाहा छैन । उनीसँग आफू म्यान्मारको भएको प्रमाणित गर्ने कुनै पनि कागजात छैनन् ।

'बर्मेली प्रतिनिधिमण्डलले हामीलाई धेरैवटा प्रश्नहरू सोध्यो । त्यसपछि उनले मेरो र मेरी श्रीमतीको तस्बिरहरू पनि लिए । उनीहरूले हाम्रो औँठाछाप पनि लिएका छन्,' सुल्तान भन्छन् । 'हामी यस्तो अवस्थामा छौँ की हामीले हुँदैन भन्यौँ भने पनि त्यो उनीहरूले मान्नेवाला छैनन् । हामी के गर्न सक्छौँ । हामी म्यान्मारमा सुरक्षित हुँदैनौँ ।' सुल्तानले सूचीमा नाम भएका उनीजस्ता मानिसहरूमाथि बाङ्ग्लादेशमा निगरानी भइरहेको दाबी गरेका छन् । तर बीबीसीले यो दाबीको स्वतन्त्र पुष्टि गर्न सकेन ।

**कोक्स बजारमा नाजुक अवस्था**

बाङ्ग्लादेशको कोक्स बजारका शिविरहरूमा कष्टकर जीवन बिताइरहेका शरणार्थीहरूले त्रासबीच पनि चासो राखिरहेका छन् । संयुक्त राष्ट्रसङ्घले शरणार्थीहरूका लागि दिँदै आएको खाद्यान्न सहायतामा कटौती गरेको छ र उनीहरूको स्वदेश फिर्ती अभियानले आवश्यक मध्ये एक तिहाइ मात्रै सहयोग पाइरहेको छ । रोहिन्ज्या शरणार्थीहरूको एउटा समूहले जुन महिनाको सुरुमा स्वदेश फिर्तीको माग गर्दै प्रदर्शन गरेका थिए । उनीहरूले पूर्ण अधिकार सहितको नागरिकता कायम गरिनुपर्ने सर्त राखेका थिए । शरणार्थी शिविरमा रहेकी अनुरा बेगमका छ जना बालबच्चा छन् र उनी छाक टार्नका लागि सङ्घर्ष गरिरहेकी छिन् । उनी सन् २०१७ मा भागेर यहाँ आएकी थिइन्। उनका श्रीमानले पनि नियमित काम पाएका छैनन् । 'कहिलेकाहीँ म छोराछोरीका लागि कपडा किन्न पनि पैसा सापटी माग्छु । म मानिसहरूले गर्ने परोपकारमा निर्भर रहेकी छु,' उनी भन्छिन् । अनुरा म्यान्मार फर्कनेबारे सोचिरहेकी छिन्। उनले बाङ्ग्लादेशमा कुनै भविष्य देखेकी छैनन् । 'म आफ्नै गाउँ फर्कन चाहन्छु । यदि म्यान्मार सरकारले हामीलाई सुरक्षा र नागरिकता दिन्छ भने म फर्कन्छु,' उनले भनिन् । तर म्यान्मारको सैनिक जुन्ता सरकारले रोहिन्ज्या पुनर्स्थापना कार्यक्रमबारे विस्तृतमा केही पनि खुलाएको छैन ।

**जुन्ता सरकारको धारणा**

एउटा सामूहिक साइबर च्याटमा जुन्ता सरकारको सूचना समितिका एकजना अधिकारीले पहिचान पुष्टि भएका शरणार्थीहरूलाई म्यान्मारले स्वदेश ल्याउने बताए । त्यसपछि एक जना पत्रकारले स्वदेश फिर्ती कार्यक्रम किन सुरु नगरिएको भन्नेबारे जिज्ञासा राखे । 'उनीहरू (रोहिन्ज्या शरणार्थी)हरू आफैँले पुनर्स्थापना कार्यक्रममा ढिलाइ र आलटाल गरिरहेका छन्,' ती अधिकारीले भने । बीबीसी बर्मेली सेवाका सम्पादक सो विन तानका अनुसार जुन्ताले रोहिन्ज्या भन्ने शब्द प्रयोग गर्न अस्वीकार गर्दै आएका छन् । त्यहाँको सैन्य नेतृत्वले रोहिन्ज्या शरणार्थीको नाम नलिई हालै रखाइन हुँदै अघि बढेको विनाशकारी समुद्री आँधीका 'बङ्गाली' पीडितहरूतर्फ सङ्केत गरेको थियो । कतिपयले रोहिन्ज्याहरू म्यान्मारका नभई बाङ्ग्लादेशका भन्नु जातीय गाली भएको बताएका छन् । यसैबीच करिब पाँच लाख रोहिन्ज्याहरू अझै पनि रखाइनका क्याम्पहरूमा बसिरहेका छन् ।

**स्वदेशफिर्ती योजनाबारे आशङ्का**

हाल जर्मनीमा रहेर काम गरिरहेका अभियानकर्मी ने सान ल्विन स्वदेश फिर्ती योजनाबारे आशङ्का गर्छन् । 'कथित स्वदेशफिर्तीका लागि छनौट भएका रोहिन्ज्याहरू बाङ्ग्लादेशको शिविरबाट म्यान्मारको शिविरमा फर्कन मात्रै लागेका हुन्। यो स्वदेशफिर्ती होइन,' उनले भने । 'प्रशासनले २३ जना मानिसहरूलाई ट्रान्जिट शिविरमा ल्याएर म्यान्मार फर्किएको अवस्थामा प्रतिपरिवार २,००० अमेरिकी डलर भत्ता दिने प्रस्ताव गरेको छ ।'

अभियानकर्मी ल्विन थप्छन्ः 'पैसाको प्रस्ताव गरिएको भोलिपल्टै ३०० भन्दा धेरै परिवार यसका लागि दर्ता भएका छन् । मैले थाहा पाएसम्म म्यान्मारको सत्ताले २०० परिवारलाई स्वीकार गर्ने निश्चित गरेको छ ।' उनीहरूलाई कसले पैसा दिइरहेको छ भन्ने खुल्न सकेको छैन । तर ल्विन यसले निकै कम सङ्ख्यालाई मात्रै आकर्षित गर्ने बताउँछन् । 'म्यान्मार सरकारले नागरिकता, स्वतन्त्र हिँडडुल र आधारभूत मानव अधिकारको प्रस्ताव नगरेका कारण धेरै शरणार्थीहरू म्यान्मार जान्छन् भन्ने मलाई लाग्दैन,' उनले भने ।

# भलिबल टिमका कप्तान थापा बर्खास्त




**मधेशदृष्टि**
**काठमाडौं ।**
नेपाल भलिबल संघले हरिहजुर थापालाई राष्ट्रिय टिमको कप्तानबाट बर्खास्त गरेको छ । सातौं प्रधानमन्त्री कप एनभीए महिला तथा पुरुष राष्ट्रिय क्लब लिगको खेलमा क्रममा गत सोमबार दशरथ रंगशालास्थित कभर्ड हलमा गण्डकी विरुद्ध आर्मीबाट खेलेका उनले कप्तानको भूमिका राम्रोसँग निर्वाह नगरेको र उनी कर्तव्यबाट विमुख भएको भन्दै भलिबल संघले कप्तान पदबाट हटाएको हो । सोमबार आर्मीका खेलाडीले दर्शकलाई कुटपिट गरेका थिए । घटनापश्चात गठन भएको ५ सदस्यीय छानबिन समितिले दिएको सिफारिसको आधारमा संघले उनलाई कप्तानबाट हटाएको हो । 'उनीमा राष्ट्रिय टिमको जिम्मेवारी सम्हाल्न सक्ने क्षमता हामीले पाएनौं जसका कारण उनलाई पदबाट बर्खास्त गरिएको हो', भलिबल संघका महासचिव रोशन श्रेष्ठले भने । महासचिव तथा प्रतियोगिता संयोजक समेत रहेका रोशन श्रेष्ठको संयोजकत्वमा गठन भएको छानविन समितिमा सचिव सुनकेशरी माली, कोषाध्यक्ष श्यामकृष्ण श्रेष्ठ, सदस्य अन्जु श्रेष्ठ र जुनु पुन थिए । छानबिन समितिले खेलाडी, दर्शक र भलिबलमा संलग्नहरुको सुरक्षालाई ध्यानमा राखेर सुरक्षा व्यवस्थापनमा समेत कडाइ गर्न भलिबल संघलाई सुझाव दिएको छ । श्रेष्ठले भने, 'सहभागी क्लबका खेलाडीलाई अनुशासनमा राख्न अनुरोध गर्ने निर्णय गरेको छ ।' विवादित खेलका रेफ्री गरेका चित्र गुरुङ र अनिल रानालाई क्लब च्याम्पियनसिप र क्लब लिगमा निर्णायकको भूमिका निर्वाह गर्न नदिने गरि कारबाही गरेको छ । छानबिन समितिले आर्मीका खेलाडी, टोली, उजुरी दिने दर्शक लगायतको बयान लिएको थियो । गण्डकी प्रदेशविरुद्ध तेस्रो सेटमा आर्मी २३–२४ को अवस्थामा थियो । रेफ्रीले चेकआउट हुँदा अंक आर्मीलाई दिएको भन्दै गण्डकीका खेलाडी असन्तुष्ट जनाएका थिए । सोही क्रममा खेल अनुशासन भन्दा बाहिरको कामहरु भएका थिए ।

# एथ्लेटिक्स च्याम्पियनसिपमा नेपालको प्रदर्शन निराशाजनक

**मधेशदृष्टि**
**काठमाडौं ।**
थाइल्याण्डको बैंककमा भइरहेको २५ औं एसियन एथ्लेटिक्स च्याम्पियनसिपमा नेपालको प्रदर्शन निराशाजनक रह्यो । ७ खेलाडीले सहभागिता जनाएको यो प्रतियोगिता सहभागितामै सिमित रह्यो । अपेक्षा गरिएका र लक्ष्य राखेका खेलाडीको प्रदर्शन पनि त्यस अनुसार हुन सकेन ।

आइतबार महिला ५ हजार मिटर दौडमा राजपुरा पछाई दौडिएपछि नेपालको चुनौती सकिएको छ । उक्त स्पर्धामा १२ जना दौडँदा राजपुरा १७ मिनेट ५८.५४ सेकेण्ड समय निकाल्दै नवौं स्थानमा रहिन् ।

यस इभेन्टमा नेपालको राष्ट्रिय कीर्तिमान कान्छिमाया कोजुको नाममा छ । कान्छिमायाले २०१० को एसियन गेम्समा १६ मिनेट ४९.९८ सेकेण्डको समयसहित कीर्तिमान बनाएकी थिइन् । नेपालबाट महिलामा राजपुरा र फुलमति राना तथा पुरुषमा पाँच गरी कूल ७ खेलाडीले सहभागिता जनाएका थिए । फुलमतीले महिला १५०० मिटरमा ४ मिनेट ४९.७२ सेकेण्ड समयम निकालिन् । यसमा सरस्वती भट्टराईले २०१६ को रियो ओलम्पिकमा ४ मिनेट ३३.९४ सेकेण्डको कीर्तिमान बनाएकी थिइन् ।

यस्तै पुरुषतर्फ एक सय र दुई सय मिटरमा शिवराज पार्की र आयुष कुँवर दौडिएका थिए । कीर्तिमान सुधार गर्ने लक्ष्य राखे पनि दुवै सफल भएनन् । एक सय र दुई सय मिटर दौडमा राष्ट्रिय कीर्तिमान राम कृष्ण चौधरीको नाममा छ । १०० मिटरमा उनले १९९९ को साउथ एसियन गेम्समा बनाएको १०.७१ सेकेण्डको कीर्तिमान अहिलेसम्म कसैले तोड्न सकेको छैन ।

थाइल्याण्डमा आयुषले १०० मिटर दूरी ११.२० सेकेण्डमा पूरा गर्दा शिवराजले ११.२२ सेकेण्डमा पूरा गरे ।

शिवराजले गत वर्ष नवौं राष्ट्रियमा १०० मिटरमा स्वर्ण जितेका थिए भने आयुषले एसियन च्याम्पियनसिपका लागि भएको छनोटमा राम्रो गरेका थिए । यस्तै दुई सयम मिटरमा आयुषले २२.४० र शिवराजले २२.६२ सेकेण्डमा दुरी पूरा गरे । यस इभेन्टमा रामकृष्ण चौधरीले १९९५ मा भारतमा भएको साउथ एसियन गेम्स र १९९९ मा काठमाडौंमा भएको साउथ एसियन गेम्समा २१.९२ सेकेण्डको कीर्तिमान बनाएका थिए ।

मध्यम दूरीमा सोमबहादुर कुमालले ४०० र ८०० मिटरमा दौडिए । ४०० मिटर दौडमा ३३ वर्ष पुरानो कीर्तिमान तोड्नबाट थोरैले चुकेका उनी ८०० मिटरमा आफ्नै नाममा रहेको कीर्तिमानको छेउ पुग्न सकेनन् । ४०० मिटरमा आशाराम चौधरीले १९९० मा ४८.३२ सेकेण्डको कीर्तिमान बनाएका थिए । यस पटक सोम त्यसको नजिक पुगेर पनि चुके । सोमले ४०० मिटर दूरी ४८.३३ सेकेण्डमा पूरा गरे । ८०० मिटरमा भने यसअघि उनले २०१८ को एसियन गेम्समा १ मिनेट ५०.२५ सेकेण्डको राष्ट्रिय कीर्तिमान बनाएका थिए । यस पटक उनले निर्धारित दूरी १ मिनेट ५१.७० सेकेण्डमा पूरा गरे ।

पुरुष १५०० मिटरमा नेपालका मुकेश पाल १९ खेलाडीमध्ये १३औं स्थानमा रहे । उनले निर्धारित दूरी ३ मिनेट ५३.३१ सेकेण्डमा पूरा गरे । यस इभेन्टमा राष्ट्रिय कीर्तिमान गोपबहादुर अधिकारीको नाममा छ । उनले सन् १९९३ को साउथ एसियन गेम्समा ३ मिनेट ४६.६३ सेकेण्डको कीर्तिमान बनाएका थिए । पुरुष १० हजार मिटरमा नेपालका दीपक अधिकारी १५ धावकमा दशौं स्थानमा रहँदा निर्धारित दूरी ३१ मिनेट १८.९६ सेकेण्डमा पूरा गरे ।

यस इभेन्टमा गोपीचन्द्र पार्कीले २०१४ को इन्चोन एसियन गेम्समा ३० मिनेट ३०.९९ सेकेण्डको कीर्तिमान बनाएका थिए । एसियन एथ्लेटिक्स च्याम्पियनसिप खेलेका ७ मध्ये दिपक अधिकारी र सोमबहादुर कुमाल र राजपुरा पछाई मात्र चीनमा सेप्टेम्बर–अक्टोबरमा हुने एसियन गेम्समा पनि छानिएका छन् । यी तीनले एसियन गेम्समा पनि सोही इभेन्टमै प्रतिस्पर्धा गर्नेछन् । एसियन गेम्समा छनोट हुने अन्य खेलाडीमा म्यारथनमा राजन रोकाय तथा ५ हजार मिटर दौडमा गोपीचन्द्र पार्की छन् । यस्तै महिलातर्फ म्यारथनमा पुष्पा भण्डारी र १० मिटर दौडमा सन्तोषी श्रेष्ठ छन् ।

# सेभ द चिल्ड्रेनको सामाजिक परीक्षणको माग



**जनकपुरधाम ।**
बजेट खर्च सम्वन्धि विवाद बढेपछि सेभ द चिल्ड्रेनको कार्य विरुद्ध मधेशका युवाहरूले विभिन्न माग राखेर ज्ञापन पत्र बुझाएका छन् । सेभको विरोधमा उत्रिएका उनीहरूले मधेश प्रदेश सरकारका मुख्य न्यायाधिवक्तालाई विभिन्न ८ बुँदे मागसहित ज्ञापन पत्र समेत बुझाएका हुन् ।

मधेश प्रदेशका सेचत युवा तथा नागरिक समाजका अगुवाहरूले मुख्य न्यायाधिवक्तालाई  ज्ञापन पत्र बुझाएका हुन् । उनीहरूले मुख्य न्यायाधिवक्तालाई ज्ञापन पत्र बुझाउँदै मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा सचिवालय, शिक्षा तथा समाज कल्याण मन्त्रालय, गृह तथा सञ्चार मन्त्रालय र प्रदेश निति तथा योजना आयोगलाई समेत बोधार्थ गरी ध्यानाकर्षण गराएका छन् । मधेश प्रदेशका विकास र समृद्धिका लागि काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले अधिकांश कार्यक्रम, मिटिङ्ग, सेमिनार, गोष्ठी लगायतका कार्यक्रम सुविधासम्पन्न होटलको नाममा प्रदेश बाहिर सञ्चालन गरेर मनपरी गरिरहेकाले त्यस्ता क्रियाकलाप विरुद्ध उनीहरू आक्रोशित भएका छन् ।

सेभ लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले मधेसका युवाहरूलाई रोजगारमा सिमित संख्यामा सहभागिता गराई विभिन्न बहानामा अन्य प्रदेशका व्यक्तिहरूलाई बढी अवसर दिइरहेको उनीहरूको आरोप छ । उनीहरूले प्रदेशमा कार्यरत सङ्घ संस्था एवं दातृ निकायले प्रदेशकै स्रोत साधनलाई परिचालन हुने गरी कार्यक्रमहरु सञ्चालन गर्न पनि माग गरेका छन् । राष्ट्रिय योजना आयोगको प्रतिवेदन अनुसार नेपालमा रहेको कुल ३१.१ प्रतिशत बेरोजगारी दर मध्ये मधेश प्रदेशको २० प्रतिशत रहेको छ । जुन अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी हो । यस अवस्थामा मधेस प्रदेशका युवाहरूको सहभागितालाई विशेष गरी अन्तर्राष्ट्रिय सङ्घसंस्थाले विभिन्न बहानामा उपेक्षा गरी अबमुल्यन गर्ने गरेकोले त्यस्ता गतिविधिहरूमा रोक लगाउन उनीहरूले प्रदेश सरकारलाई ध्यानाकर्षण गराएका छन् । यस्ता गतिविधिहरू रोक्न उनीहरूले कडा कानुन नै निर्माण गर्न माग गरेका हुन् । यस्तै एक प्रदेशभन्दा बढी कार्यक्षेत्र राखी कार्य गर्ने कुनै पनि अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले साझेदार संस्थाको रुपमा प्रदेश भित्रै दर्ता भएको गैर सरकारी संस्था लिनु पर्ने र एक प्रदेश भन्दा बढी प्रदेश अन्तर्गत कुनै कार्यक्रम गरी राख्दा पनि त्यस्तो कार्यक्रमको समिक्षा, कार्ययोजना, मुल्याङ्कन जस्ता आन्तरिक वा बाह्य छलफल सम्बन्धित प्रदेश भित्र नै गरी प्रदेशको श्रोत साधन र आर्थिक विकासमा प्रत्यक्ष सहयोग पुरयाउने गरी व्यवस्था मिलाउन समेत माग गरेका छन् ।

मधेश प्रदेशमा क्रियाशिल सङ्घ संस्था एवं दातृ निकायले मधेश प्रदेशमा सञ्चालन हुने परियोजना तथा योजनाहरुमा यहाँका ८० प्रतिशत युवाको सहभागिता वरिष्ठ पददेखि लिएर स्थलगत तहसम्म रोजगारको सुनिश्चिता गराउनुपर्ने उनीहरूले ज्ञापन पत्रमार्फत माग गरेको हो । मधेश प्रदेशका सचेत युवा तथा नागरिक समाजका अगुवाहरुले बुझाएको ज्ञापन पत्रमा प्रदेशमा रहेको स्थानीय तह, मन्त्रालय, एवं दातृ निकायले प्रदेशकै गैर सरकारी संस्थालाई सहकार्यको लागि पहिलो प्राथमिकता दिनुपर्ने माग छ ।यस्तै, लैगिङ्क समानता तथा सामाजिक समावेशीकरण लेखा परिक्षण, सामाजिक लेखा परिक्षण जस्तै मधेस प्रदेशमा कार्यरत सङ्घ संस्था, दातृ निकायले मानव संशाधन लेखा परीक्षण वार्षिक र सार्वजनिक रुपले अनिवार्य गर्नुपर्ने उनीहरूको माग छ ।दातृ निकायबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरू कुल बजेटको १० प्रतिशत बजेट मानवसंशाधन विकासको लागि अनिवार्य विनियोजन गर्नुपर्ने र मधेशको ९० प्रतिशत उत्पादनलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने अगुवाहरूले माग गरेका छन् । तथा उनीहरूले गरेको मागहरूको विषयवस्तु समेटेर मधेश प्रदेशमा काम गर्ने सङ्घसंस्था परिचालन ऐन निर्माण गर्न समेत माग गरेको हो ।प्रदेशमा संघसंस्था परिचालन गर्न निर्मम समिक्षा गरी र कठोर कानुन निर्माण गर्न माग गर्दै मुख्यन्याधिवक्तालाई अधिवक्ता चन्दन कुमार कर्ण, राम लामा, अजय शकंर झा, भोजराज यादव, अजितम पाण्डे, बैजनाथ यादब, नागेन्द्र साह, गणेश खढका, आशु शर्राफ, लगायतका अभियन्ताहरुको सशभागिमा ज्ञापन पत्र बुझाईएको थियो ।

# गाउँको समृद्धिले मात्रै मधेशको विकास सम्भव छ– वक्ता

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
जनकपुरधाम आयोजना गरिएको एक कार्यक्रममा वक्ताहरुले गाउँको विकासले मात्रै मधेशको विकास सम्भव रहेको बताएका छन् ।

मधेश ग्रामीण विकास परियोजना ले शनिबार जनकपुरधाममा आयोजना गरेको एकदिवसीय गोष्ठीमा प्रमुख अतिथिका रुपमा बोल्दै मधेश प्रदेशका उद्योग तथा पर्यटनमन्त्री सुनिता यादवले उक्त कुरा बताएका हुन् । उनले गाउँमा कृषि, पशुपालन र मत्स्यपालन व्यवसायको प्रशस्त सम्भावना रहेको बताए । उनले भने, 'तर आजकल युवायुवतीले यस्ता गतिविधिमा चासो लिइरहेका छैनन् ।

विदेश जाँदैछन् । मधेसको समृद्धिमा युवाको महत्वपूर्ण भूमिका रहेको बताउँदै विधायक रामशिष यादवले युवालाई दक्ष बनाएमा अवश्य मधेश समृद्ध हुनेछ' ।

संजयकुमार साहको अध्यक्षतामा भएको उक्त कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख लालकिशोर साह, सामाजिक कार्यकर्ता अमर चन्द्र अनिल, ध्रुव यादव, लोसपा नेता सञ्जय चौधरी, रामबाबु गुप्ता लगायतका गणमान्य व्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।

# बटेश्वरमा जग्गाको कित्ताकाट खुल्यो





**मधेशदृष्टि**
**जनकपुरधाम**
धनुषाको बटेश्वर गाउँपालिकाको कित्ताकाट वर्गीकरण खुलेको छ । बटेश्वर गाउँपालिकाको जग्गाको वर्गीकरण गरेर फाइल नापी कार्यालय धनुषालाई बुझाएपछि कित्ताकाट खुलेको हो ।

गत शुक्रबार नापी कार्यालय धनुषामा एक कार्यक्रम आयोजन गरी गाउँपालिकाका अध्यक्ष राम आशिष महतोले नापी कार्यालयका प्रमुख सुमन किशोर मिश्रलाई पालिका भित्रको जग्गा वर्गीकरणको फाइल हस्तान्तरण गरेका थिए ।

कृषि क्षेत्र, घडेरी लगायत अन्य क्षेत्रहरु छुटाएको गाउँपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत संतोष शर्माले बताए । आइतबारदेखि बटेश्वर गाउँपालिका भित्रका जग्गाको कित्ताकाट खुलेको छ । जग्गा वर्गीकरण नहुँदा कित्ताकाट रोकिएको थियो । जसको कारण जग्गा अंशवण्डा, विक्रीवितरण लगायतमा समस्या भएको थियो ।

# 'इतिहास र पहिचानको खोजीमा मधेश प्रदेश



**टीकाराम सुनार**
**जनकपुरधाम ।**
देशका सात प्रदेशमध्ये 'मधेश प्रदेश' मात्रै पहिचानको आधारमा नामकरण गर्न सफल भएको मधेसवादीहरुले दाबी गर्दै आएका छन् । पहिचानको आधारमा नामकरण गरिए पनि मधेस प्रदेशसँग आफ्नै नाम र इतिहासबारे भने कुनै प्रमाणिक दस्तावेज छैन ।

मधेश इतिहास र राजनीतिका जानकारहरु विगतमा राज्यले नै मधेशलाई अस्वीकार गरेका कारण कुनै आधिकारिक दस्तावेज नभएको बताउँछन् । त्यस्तो बताउनेमध्ये एक छन् मधेश आन्दोलनका अगुवा एवं जनता समाजवादी पार्टी (जसपा) अध्यक्ष उपेन्द्र यादव । यादव मधेशको पहिचान बनाउने भन्दा पनि त्यसलाई भेट्नका लागि तत्कालीन संस्थापन पक्ष (सत्ता) ले भूमिका खेलेको बताउछन् । तत्कालीन समयमा राजा, महाराजाका कथा, कहानीलाई नै नागरिकको संस्कृति र पहिचान मान्ने प्रवृत्तिले ऐतिहासिक महत्व बोकेका क्षेत्र तथा नागरिकको पहिचानका विषय ओझेलमा परेको उनको बुझाइ छ । नेपालभन्दा मिथिला क्षेत्रको इतिहास धेरै पुरानो भए पनि नेपालको राजनीतिक सीमाङ्कनपछि त्यसलाई कमजोर बनाउन लाग्नु दुर्भाग्यपूर्ण भएको यादवको भनाइ छ । उनी भन्छन्, 'नेपालको भन्दा पुरानो इतिहास मिथिलाको हो तर राष्ट्रियता र राष्ट्रवादी बन्ने नाममा मधेशको इतिहास, परम्परा, यहाँका जनता र गौरवपूर्ण सभ्यता ओझेलमा पार्ने काम भयो । त्यसैको प्रतिरोधमा जन्मिएको मधेश विद्रोहपछि केही सकारात्मक सन्देश दिन सकिए पनि उत्पीडनको शृंखला सकिएको छैन ।' भाषा आयोगका अध्यक्ष डा गोपाल ठाकुर पनि तत्कालीन राज्यसत्ताले मधेसका विषयमा विमति राखे पनि यो भूमिले ओगटेका २२ जिल्ला र यहाँको सामाजिक जीवन र त्यससँग जोडिएका विविध पक्षहरु अस्वीकार गर्न सकिने ठाउँ छैन भन्नुहुन्छ । विगतमा 'एक भाषा, एक देश' को नीति लिएका कारण असमानताको खाडल बढेको र त्यसको मारमा सबैभन्दा बढी मधेसीहरु परेको उनले बताए । 'भाषा बाल्ने र लेख्ने माध्यम मात्रै होइन यो त राज्यले दिएका अवसरहरुसम्म पुग्ने आधार पनि हो तर राज्यको 'एक देश, एक भाषा' नीतिले मधेशीहरु वर्षौं वर्ष राज्यले प्रदान गर्ने सेवा र अवसरबाट बञ्चित हुनुप¥यो', डा ठाकुर भन्नुहुन्छ, 'अब त्यो सबै कुराको दस्तावेजीकरण गरिनुपर्छ र आफ्नो भाषा आफ्नो पहिचानको संरक्षण गरिनुपर्छ । भोलिको पुस्तालाई हिजोदेखि आजसम्मको यथार्थ भन्नुपर्छ ।'

उनले इतिहास भनेको मुख्यरुपमा राजनीतिक चरण नै भए पनि त्यसले भाषिक, सांस्कृतिक, साहित्यिक, कला, जातजाति, रहनसहन र अर्थतन्त्रको अवस्था पनि क्रमबद्धरुपमा उठान गर्नुपर्ने आवश्यकता औँल्याए । 'इतिहास त राज्यसत्ताले लेख्ने हो तर हिजो मधेस नै नस्वीकार्ने राज्यले यहाँको इतिहास कसरी लेख्थ्यो ? अहिले त राज्यले पनि मधेस स्वीकार गरिसकेको छ । त्यसैले सबै पक्षलाई ध्यानमा राखी मधेश के हो ? त्यसको पौराणिक, प्रागऐतिहासिक र ऐतिहासिक सन्दर्भसहित समग्रतामा यहाँको इतिहास लेख्न जरुरी छ', ठाकुरले भने । मधेश मामिलाका जानकार एवं पूर्वराजदूत विजयकान्त कर्ण पनि 'एक भाषा एक भेष, एक राजा एक देश' को भाष्य निर्माण गर्न अङ्गीकार गरिएको गलत नीतिका कारण मधेशको पहिचान अतिक्रमणमा परेको बताउछन् । 'मधेश बहुजातीय, बहुभाषिक, बहुधार्मिक स्थल र बहुसांस्कृतिक पक्षहरु मिलेर बनेको पहिचान पनि हो', कर्णले भने, 'हिजो जे भए पनि अब त्यो विशिष्टतालाई ध्यान दिँदै मधेशको उत्पत्ति, भूगोल, लोक साहित्य र संस्कृति, जातजाति र भाषाभाषी तथा जीवनशैलीको खोज अनुसन्धान एवं एकीकृत दस्तावेज बनाउन ढिला गर्नु हुँदैन ।'

मधेशको पहिचानकै लडाईंमा धेरै समय बिताएका वरिष्ठ पत्रकार एवं प्रेस स्वतन्त्रता सेनानी राजेश्वर नेपालीले त राष्ट्रियताको नाममा मधेसीमाथि गरिएको उत्पीडनले यहाँको मौलिकता एवं सभ्यता नै लोप हुने अवस्थामा पुगेको बताउँदै आएका छन् । 'मैले धोती, कुर्ता लगाएको, हिन्दी बोलेको र म नेपाली र मधेसी दुवै हुँ भनेर लेखेको र बोलेकै भरमा जेलनेल भोगे । पटकपटक थुनिए र यातना खेपे', यहाँ भन्छन्, 'आजको नेपाल रहन मधेसीले नै सीमामा बर्दीविनाका सिपाहीसरह काम गरेको राज्यले देखेन । बरु देशभित्रै सौतेनी व्यवहार ग¥यो ।'

त्रिभुवन विश्वविद्यालय हिन्दी विभागमा प्राध्यापनरत विनोदकुमार विश्वकर्माले मधेश आफैँमा एक ऐतिहासक धार्मिक भूमि र जातीय हिसाबले बहुपहिचानयुक्त क्षेत्र भएकाले त्यसलाई पनि इतिहासमा समेट्न जरुरी रहेको बताए । 'इतिहास सधैँ सर्वस्वीकार्य हुन्छ भन्ने हुँदैन । आलोचनात्मक इतिहास पनि हुन्छ र त्यसलाई समयक्रममा तथ्य र तर्कका आधारमा सुधार्न सकिन्छ', विश्वकर्माले भने, 'मधेसी समाजमा सदियौँदेखि उत्पीडनमा परेका दलित, महिला तथा सीमान्तकृत वर्गको योगदान, अवस्था र पहिचानका विषयहरुलाई पनि इतिहासको महत्वपूर्ण पाटो बनाउनसक्नु पर्छ ।'

इतिहासका जानकार विक्रममणि त्रिपाठी हिजोका दिनमा नेपालको राष्ट्रिय छवि र राष्ट्रियता मजबुत बनाउने नाममा मधेशको चिनारीलाई कमजोर बनाइएको बताउछन् । आफ्नो पहिचानको कुरा गर्दै मधेसमा राजनीतिक अधिकार तथा भाषिक, सांस्कृतिक पहिचान स्थापित गर्न जनतामा आएको जागरण र मधेश विद्रोहबाट नयाँ दलहरुको उत्पति हुनु सुखद् भए पनि त्यसलाई सहीरुपमा प्रयोग गर्न जरुरी रहेको उनको धारणा छ । 'भाषिक, सांस्कृतिक र यहाँको मौलिक इतिहास मेटाउने प्रयास राज्यबाटै भयो । नेपालमा चारकोसे झाडी थियो, जङ्गबहादुर राणाले त्यही झाडी फँडानी गरेर बस्ती बसाए, तराई क्षेत्रमा भारतीयहरुलाई ल्याएर बसाइयो भनी पाठ्यक्रममै राखेर कक्षा छ देखि पढाइयो । त्यसबाट तराईमा बस्नेहरु भारतीय हुन् भन्ने सन्देश दिइयो । पाठ्क्रमबाट त्यो कुरा हटाउन ठूलो लडाईं लड्नुपरेको छ', त्रिपाठी भन्छन्, 'अब लेखिने इतिहासमा कालखण्डगत रुपले हरेक पाटाहरुको खोजी गरिनुपर्छ । त्यसका लागि हामी सबैको सहयोग रहन्छ ।' उहाँ मधेसको इतिहास लेखन गर्दा राज्यसँग नभएका कतिपय सांस्कृतिक तथा अंग्रेजसँग जोडिएका विषयको जानकारी भारतीय पक्षबाट लिन सकिने बताउछन् ।

भारतीय इतिहासकार अमरेशकान्त झा पनि राजनीतिक सीमाले अलग भए पनि भारत र सीमासँग जोडिएका नेपालीहरुको अधिकांश कुरा मिल्दोजुल्दो रहेकाले भारतमा लेखिएका कुनै दस्तावेज वा विषयलाई पनि सन्दर्भका रुपमा लिन सकिने बताउछन् । 'मागर्दशनका रुपमा केही आधार त लिइएला, त्यसलाई पुष्टि गर्ने क्रममा नेपालभित्रै आधिकारिक दस्तावेज भेटिन वा नभेटिन पनि सक्छ । कतिपय विषयहरु भारतसँगको सांस्कृतिक सम्बन्धका आधारमा पनि भेटिन सक्छन्', झा भन्छन्, 'केही नभेटिए लोकआस्था, लोककथन, लोकगाथा र मौखिकरुपमा व्यक्त महत्वपूर्ण कुराहरुलाई पनि आधार मान्न सकिन्छ । हामी भारतीय पक्षबाट आवश्यक सहयोगका लागि तयार छौ ।'

मधेश प्रज्ञा–प्रतिष्ठानका अध्यक्ष रामभरोश कापडीले मधेशको भूगोल र पहिचानलाई अनुसन्धानमूलक कृतिको माध्यमले प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतसम्म पु¥याउने लक्ष्यअनुरुप प्रतिष्ठानले इतिहास लेखनको विषय अगाडि बढाइसकेको जानकारी दिए । 'मधेसको आधिकारिक इतिहास खोज्दा कतै भेटिंदैन । राज्यसँग यो भूगोलको उत्पत्ति, लोकसाहित्य, संस्कृति, जीवन पद्धतिको एकीकृत दस्तावेज रहेन छ', उनले भने,'त्यसैको खोजीका लागि प्रतिष्ठानले संवाद सुरु गरेको छ । आगामी आर्थिक वर्षदेखि त्यसलाई मूर्तरुप दिन थप क्रियाकलापहरु अगाडि बढाउँछाँै । त्यसमा सङ्घीय सरकार, प्रदेश सरकार, बौद्धिक जमात र अध्ययनशील समाजको पूर्ण सहयोग र समर्थन रहने विश्वास छ ।'

मधेसको इतिहास लेख्दा प्राचीन कोचिला, मिथिला, भोजपुरा, मगध, अवध र थरूहटका भाषा, संस्कृति, परम्परा र विभिन्न जातजातिको विकासक्रमका विषय समेट्नका लागि सबै क्षेत्रसँग बृहत् छलफल गरी अगाडि बढ्ने उनको प्रतिबद्धता छ । त्यसैगरी प्रतिष्ठानका सदस्य दिनेश यादवले राजनीतिकरुपमा मधेसले ठूलो लडाईं जिते पनि आफ्नो गुमेको पहिचान फर्काउन बाँकी रहेको बताए । 'जसको इतिहास हुँदैन उसको वर्तमान र भविष्य पनि हुँदैन भन्ने कुरामा हामी सबै एकमत छौँ । त्यसर्थ मधेस बारेको फरकफरक विचारहरुलाई एकीकृत गरी यथार्थ विवरण खोज्नु र भन्नु हामी सबैको सरोकारको विषय हो । समय लाग्ला तर यो इतिहास लेखेर छोड्ने प्रतिज्ञा गरिसकेका छा', उनले भने ।

# प्रदेशप्रमुखबाट आर्थिक विधेयक प्रमाणिकरण




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशसभाबाट पारित भएको विभिन्न विधेयकलाई प्रदेश प्रमुख हरिशंकर मिश्रले प्रमाणिकरण गरेका छन् ।

प्रदेश प्रमुख मिश्रले 'मधेश प्रदेशका केही कानूनलाई संशोधन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' तथा आर्थिक विधेयक, २०८० लाई आज प्रमाणिकरण गरेका हुन् ।उनले नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम विधेयकहरु प्रमाणीकरण गरेका हुन् ।

# कुशवाहाद्वारा सरसफाई




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
कुशवाहा फाउन्डेसनले जनकपुरधामको प्रसिद्ध मन्दिरमा सरसफाई कार्यक्रम गरेको छ । शनिबारका दिन कुशवाहा फाउन्डेसनद्वारा आयोजना गरिएको सरसफाइ कार्यक्रम संस्थाको अध्यक्ष बिजय कुमार महतोको अध्यक्षतामा जानकी मन्दिर, राम मन्दिर र राजदेवी मन्दिर लगायत मन्दिरहरुको सरसफाइ कार्यक्रम सफलता पुर्वक सम्पन्न गरिएको छ । कार्यक्रम सफल बनाउन सहयोग गर्ने सम्पुर्ण सहयोगी हाथहरुलाई कुशवाहा फाउन्डेसनले धन्यवाद ज्ञापन गरेको छ ।

# अधिकारको विषयमा तीनै तहका सरकारबीच सहकार्य गर्न जोड




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्रले नेपालको संविधानले तीनै तहका सरकारको काम, कर्तव्य र अधिकारका विषयमा स्पष्ट व्यवस्था गरेकाले सोही अनुसारको गतिविधि भएको र हुने आशा व्यक्त गर्नुभएको छ ।

मधेश प्रदेशका मुख्य न्यायाधिवक्ताको कार्यालयद्वारा महोत्तरीको बर्दिबासमा आयोजित 'संविधानको एकल तथा साझा सूचीका अधिकार कार्यान्वयनको अवस्था' सम्बन्धी प्रदेश स्तरीय एक दिने अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् । प्रदेश प्रमुख मिश्रले संघ र प्रदेशको साझा अधिकार, प्रदेश र स्थानीय तहको साझा अधिकार तथा संघ, प्रदेश र स्थानीय तीनै तहको साझा अधिकारका विषयमा तीनै तहका सरकारबीच सहकार्य र समन्वयमा जोड दिए ।

मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री कृष्ण प्रसाद यादवले संविधानले प्रदान गरेको एकल तथा साझा अधिकारको विषयमा जानकारी दिन सरोकारवालाका लागि आयोजना गरिएको कार्यक्रम महत्वपूर्ण रहेको बताए ।कार्यक्रमका अध्यक्ष तथा मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता वीरेन्द्र ठाकुरले प्रदेश सरकारको एकल अधिकारको सूचीमा पनि विवाद हुने गरेकाले प्रदेश सरकारले कतिपय सवालमा मुद्दा लडेर अधिकार स्थापित गरेको बताए ।

# रोकिएन सेटिङमा भुक्तानी

## कालिकामाईको बजेट ३१ करोड




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको कालिकामाई गाउँपालिकाको नवौँ गाउँसभाले ३० करोड ९१ लाख ९८ हजार २ सय रुपैयाँको बजेट पारित गरेको छ ।
कालिकामाई गाउँपालिकाका अध्यक्ष वशिष्ठ नारायण प्रसाद कलवारले नीति तथा कार्यक्रम प्रस्तुत गरे भने उपप्रमुख राजमती देवी बरैनीको निर्देशनमा जिन्सी शाखा प्रमुख बिक्रम चौरसियाले बजेट बजेट प्रस्तुत गरे ।
कालिकामाई गाउँपालिकाको बजेटमा संघीय सरकारबाट १२ करोड ७२ लाख ५७ हजार रुपैयाँ अनुदान प्राप्त हुने, समानीकरण अनुदान ९ करोड २५ लाख, राजस्व बाँडफाडबाट ६ करोड़ ६४ लाख ४९ हजार २ सय, समपूरक अनुदानबाट ५० लाख, प्रदेश सरकार समानीकरण अनुदानबाट ६४ लाख ८२ हजार, राजस्व बाँडफाड बाट १५ लाख, समपूरक अनुदानबाट २० लाख र विशेष अनुदानबाट ३० लाख रकम प्राप्त हुने बजेटमा प्रस्ताव गरिएको छ ।
यसैगरी, गाउँपालिकाले आन्तरिक स्रोतबाट ५० लाख राजस्व असुली गर्ने लक्ष्य लिएको छ । गाउँसभामा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नमोनाथ प्रसाद यादव, वडाअध्यक्ष लालबाबु चौरसिया, सोनालाल चौरसिया, संजय कुमार पटेल, संजय कुमार साह गोड, जयनारायण प्रसाद कुर्मीलगायत कार्यपालिका सदस्य, महिला सदस्यको सहभागिता रहेको थियो । जनप्रतिनिधिबीचको लामो विवादपछि योजना बाँडफाडमा जनप्रतिनिधिबीच सहमति भएसँगै कालिकामाई गाउँपालिकाको गाउँसभा ढिलो गरी सम्पन्न भएको हो ।

**मधेशदृष्टि**
**वीरगंज ।**
बारा, पर्साका अधिकांश पालिकाले सञ्चालनमा रहेको तथा काम नै सम्पन्न नभएका योजनामा ‘सेटिङ’का आधारमा ठेकेदारलाई रकम भुक्तानी गरेका छन् ।
बारा, पर्साका नगरपालिका तथा गाउँपालिकाले सञ्चालनमै रहेका योजनाको नक्कली फाइल बनाएर कार्य सम्पन्न देखाउँदै भुक्तानी गरेको भेटिएको छ । पालिकाका जनप्रतिनिधिदेखि कर्मचारीको मिलोमतोमा नक्कली कागजात तयार पारेर ठेकेदारलाई भुक्तानी गरेको रहस्य खुलेको हो । जबकि स्थानीय तहको आर्थिक वर्ष २०७९/८० को योजना असार २३ गतेसम्म सम्पन्न गरी असार २४ गतेसम्म भुक्तानी लिइसक्नुपर्ने कानुनी व्यवस्था छ । अधिकांश स्थानीय तहका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, लेखापाल र इन्जिनियर, कम्प्युटर अपरेटरको मिलोमतोमा ठेकेदारसँग कमिसन र भागबण्डाको सेटिङ गरेर काम नै सम्पन्न नभएका योजनाको भुक्तानी लगेको भेटिएको हो ।
आर्थिक वर्षको कारोबार असार २३ गतेसम्म मात्रै भए पनि स्थानीय पालिकाको अझै असारे विकास रोकिएको छैन । धमाधम गुणस्तरहीन काम गरी बजेट सक्ने दाउमा ठेकेदारदेखि जनप्रतिनिधि जुटेका छन् । स्थानीय पालिकाले यसका लागि काम सम्पन्न नै नभइ नक्कली फाइल बनाएर, कार्यसम्पन्न देखाएर योजनाको ठेकेदारलाई भुक्तानी गरिसकेका छन् ।

# लम्पी स्किन रोगको औषधि खरिद गर्ने तयारी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मुलुकमै दिनप्रतिदिन महामारीको रुपमा फैलिदै गएको पशु चौपायामा लाग्ने महामारी लम्पी स्किन रोग नियन्त्रण गर्नका लागि मधेश सरकारले औषधि खरिद गर्ने भएको छ ।
मुख्यमन्त्री सरोजकुमार यादवले आफैँ हेरिरहेको गृह, सञ्चार तथा कानुन मन्त्रालयमा बसेको विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकले यस्तो निर्णय गरेको हो ।
बैठकले लम्पी स्किन रोग नियन्त्रणको लागि पशु चौपायालाई लगाउन एलएसडी नामक भ्याक्सिन खरिद गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई ७७ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरिएको मन्त्रालयका सचिव उमेश ढकालले बताए । त्यस्तै, प्रदेश मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना स्वीकृत गर्ने, हाल वर्षातको मौसम रहेकोले बाढी, डुबान, कटान, चट्याङलगायतका घटनाबाट हुनसक्ने धन जनको क्षति न्युनिकरण गरी राहत, उद्धार कार्यलाई तदारुकताका साथ गर्न गराउन सबै सरकारी एवम् गैरसरकारी निकायलाई निर्देशन दिने निर्णयसमेत गरिएको उनले बताए ।




त्यस्तै, सम्भावित विपद् का पूर्व तयारी तथा राहत उद्धारका लागि, नेपाली सेना, मधेश प्रदेश प्रहरी कार्यालय र सशस्त्र प्रहरी बलले उपलब्ध स्रोत साधन एवम् उपकरणहरुको प्रयोग गरी राहत, उद्धार कार्यहरु गर्ने गराउने निर्णय बैठकबाट गरिएको छ ।
यस कार्यमा आवश्यक सहयोग, सहजीकरणका लागि स्थानीय विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने लगायतको निर्णय भएको उनले बताए ।
त्यस्तै, विपद्सम्बन्धी अति आवश्यक सामग्री खरिद गर्न प्रदेश विपद् व्यवस्थापन कोषबाट आठवटै जिल्ला प्रशासन कार्यालयलाई पाँच लाख रुपैयाँका दरले सहयोग उपलब्ध गराउने निर्णय भएको सचिव ढकालले बताए ।

# सर्लाहीमा ३८०८ जनालाई वंशजको नागरिकता

**मधेशदृष्टि**
**सर्लाही ।**
नेपालको नागरिकता संशोधित ऐनअनुसार सर्लाहीमा ३ हजार ८ सय ८ जनाले वंशजको नागरिकता प्राप्त गरेका छन् ।
जिल्ला प्रशासन कार्यालय सर्लाहीका अनुसार जन्मका आधारमा नागरिकता पाएका अभिभावकका तीन हजार ८ सय ८ सन्तानले वंशजको नागरिकता लिएका हुन् ।
ऐन कार्यान्वयन भएको १८ दिनमा सर्वसाधारण नागरिकता लिन आएको प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले जानकारी दिए ।
प्रशासन कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार जिल्ला प्रशासन कार्यालय मलंगवाबाट एक हजार ७ सय ७९, इलाका प्रशासन कार्यालय हरिवनबाट ८ सय १८ र इलाका प्रशासन कार्यालय बरहथवाबाट एक हजार २ सय ८ जनाले नागरिकताको प्रमाण पत्र लिएको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले जानकारी दिए ।

# कहिले बढ्छ श्रमिकको पारिश्रमिक ?




**मधेशदृष्टि**
**वीरगंज ।**
संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी) मधेश प्रदेश कमिटीले सरकार तथा रोजगारदातासँग श्रमिकको पारिश्रमिक वृद्धि गर्न माग गरेको छ ।
संयुक्त ट्रेड युनियन समन्वय केन्द्र मधेश प्रदेश कमिटीले वीरगंजमा पत्रकार सम्मेलन गर्दै औपचारिक क्षेत्रमा काम गर्ने सबै श्रमिक तथा अनौपचारिक क्षेत्रमा काम गर्ने कृषक, चिया तथा निर्माण र दैनिक ज्याला मजदुर, पिस रेट, करार तथा ठेक्कामा काम गर्ने श्रमिकलगायतको ज्याला पारिश्रमिक वृद्धि गर्न माग गरेको हो । साथै, सडक व्यापार स्वरोजगार श्रमिकका लागि व्यवसाय गर्न स्थान सुनिश्चित गर्न जेटियुसिसीको माग छ । माग समयमै सम्बोधन नभए देशभरका श्रमिक आन्दोलनमा उत्रिने उनीहरूले चेतावनी दिए ।
ज्याला र श्रम प्रत्येक मुलुकको सामाजिक आर्थिक परिवर्तन र श्रमिकहरूको जीवनस्तरसँग गाँसिएको विषयसँगै उनीहरूको आन्दोलनले विश्वव्यापी रुप लिएको बताउँदै जेटियुसीसी एवम् जिएफटन्टका अध्यक्ष कमलेश झाले श्रमिकहरू ज्यालाले परिवारको न्युनतम आवश्यकता पूरा गर्न नसकेर समाजमा मर्यादित जीवन बाँच्न नसकिने बताए ।
पत्रकार सम्मेलनमा नेपाल ट्रेड युनियन कांग्रेस मधेश प्रदेश समितिका कार्यबाहक अध्यक्ष प्रदीपकुमार जयसवाल, अखिल नेपाल ट्रेड युनियन मधेश प्रदेशका सहइन्चार्ज अर्जुन चिमरिया, पेशागत महासंघ मधेश प्रदेशका अध्यक्ष रामजी प्रसाद चौहानलगायतका ट्रेड युनियनका नेताको उपस्थिति थियो ।

# जसपाद्वारा पर्साका १४ स्थानीय तहमा इन्चार्ज चयन




**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी नेपाल पर्साको जिल्ला कार्यकारिणी समितिको पहिलो बैठकले पार्टीलाई गाउँ तहमा विस्तार गर्न पर्साका १४ वटै पालिकामा इन्चार्ज र सहइन्चार्ज तोकेको छ । जिल्ला अध्यक्ष रामनरेश प्रसाद यादवको अध्यक्षता वीरगंजमा सम्पन्न बैठकले ८ वटा प्रस्तावमा छलफल गरी सबै पालिकामा इन्चार्ज र सहइन्चार्ज तोक्ने, जिल्लास्तरीय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, भातृसंगठनलाई सशक्त बनाउने र ठाकुरराम बहुमुखी क्याम्पसका विद्यार्थीको असामहिक निधनमा शोक प्रस्ताव पारित गरेको छ ।
बैठकमा पार्टीका उपाध्यक्षय अजय चौरासिया, नागेन्द्र यादव र मिथिलेश सिंह, उपसचिवद्वय नुरा आलम अन्सारी र सुनिल कुशवाहालगायतको उपस्थिति रहेको जिल्ला सचिव तबरेज अहमदले जानकारी दिए ।

# गाउँको समृद्धिले मात्रै मधेशको विकास सम्भव



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
मधेश ग्रामीण विकास परियोजनाले जनकपुरधाममा एकदिवसीय गोष्ठी गरेको छ । मधेश प्रदेशकी उद्योग तथा पर्यटनमन्त्री सुनिता यादवले गोष्ठी उद्घाटन गर्दै गाउँको विकासबाट मात्रै मधेशको समृद्धि सम्भव भएको बताएन् । उनले गाउँमा कृषि, पशुपालन र मत्स्यपालन व्यवसायको प्रशस्त सम्भावना रहेको बताइन् ।
सांसद रामअशिष यादवले युवालाई दक्ष बनाए मधेश समृद्ध हुने बताए । संजयकुमार साहको अध्यक्षतामा भएको कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख लालकिशोर साह, सामाजिक कार्यकर्ता अमरचन्द्र अनिल, ध्रुव यादव, लोसपा नेता सञ्जय चौधरी, रामबाबु गुप्ता लगायतको उपस्थिति थियो ।

# भुक्तानी नभएपछि सडक डिभिजनमा व्यवसायीको ताला



**मुकेश कुमार साह**
**रौतहट ।**
चन्द्रनिगाहपुरमा रहेको सडक डिभिजन कार्यालयमा निर्माण व्यवसायीले ताला लगाएका छन् ।
असार मसान्तको अन्तिम दिन पनि भुक्तानी नपाइएको भन्दै आइतबार रौतहटका निर्माण व्यवसायीले भित्र कर्मचारी रहँदारहँदै सडक डिभिजन कार्यालयमा तालाबन्दी गरेका हुन् ।
विभिन्न निर्माण व्यवसायी तथा फर्मले चालु वर्षमा सम्पन्न गरेका विभिन्न विकास निर्माण कार्यक्रमको सम्पन्न भएर कार्यालयमा पेश गरिएको बिलको रकम भुक्तानी नगरेका कारण कार्यालयमा आइतबार दिउँसो विरोध कार्यक्रम गरिएको हो ।
निर्माण व्यवसायी संघ रौतहटले सडक डिभिजन कार्यालयको परिसर बाहिर गेटमा विरोधस्वरुप टायर बालेका थिए भने कार्यालयको मुख्य गेटमा तालाबन्दी गर्दै ब्यानरसहित धर्ना दिएका हुन् । ४० जना भन्दा बढी निर्माण व्यवसायीले भुक्तानी पाउनुपर्ने बताइएको छ ।
कार्यालयले जिल्ला तथा अन्य जिल्लाका विभिन्न निर्माण व्यवसायीको २५ करोड रुपैयाँ भन्दा बढी रकमको बिल भुक्तानी नगरेकाले आफूहरु बाध्य भएर सडक डिभिजनमा धर्ना र कार्यालय घेराउ गर्नु परेको निर्माण व्यवसायी संघ रौतहटका अध्यक्ष कृष्णदेव यादवले बताए । उनका अनुसार, सम्झौता र कार्यादेशबमोजिम सबै काम सकिएर बिल पेश गरिँदा पनि कार्यालयले पैसा नआएको भनेर भुक्तानी गरेन ।
असार मसान्तसम्म पनि भुक्तानी नपाउँदा व्यवसायीलाई आर्थिक संकट भएको छ । कार्यालयले फसाउने र दुःख दिने काम गरेको छ ।
सगुन कन्स्ट्रक्सन, राजदेवी, ढुकुची, आरके लगायतका निर्माण कम्पनीको भुक्तानी बाँकी छ । भुक्तानी रकमका लागि कार्यालयले चासो नदिएको निर्माण व्यवसायीको आरोप छ ।

# दूतावासद्वारा ३४ एम्बुलेन्स र ५० स्कुलबस वितरण

*‘सन् १९९४ यता भारतले नेपालका विभिन्न जिल्लाका सङ्घसंस्थालाई नौ सय ७४ एम्बुलेन्स र दुई सय ३४ स्कुल बस उपहारस्वरूप उपलब्ध गराइसकेको छ’*




**मधेशदृष्टि**
**वीरगंज ।**
भारतीय राजदूतावासले नेपालका विभिन्न जिल्लाका स्वास्थ्य र शिक्षा क्षेत्रमा काम गर्ने सङ्घसंस्थालाई ३४ वटा एम्बुलेन्स र ५० स्कुल बस उपहार प्रदान गरेको छ । संघीय राजधानी काठमाडौँमा आयोजित कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राईको उपस्थितिमा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले एम्बुलेन्स र स्कुल बसको चाबी हस्तान्तरण गरे ।
नेपालको स्वास्थ्य तथा शिक्षा क्षेत्रमा सहयोग पु¥याउँदै आएको भारतले सन् १९९४ देखि भारतको स्वतन्त्रता दिवस र गणतन्त्र दिवसका अवसरमा नेपालका विभिन्न क्षेत्रका लाभग्राही संस्थालाई एम्बुलेन्स तथा स्कुल बस उपहारस्वरूप प्रदान गर्दै आएको छ ।
त्यस अवसरमा मन्त्री राईले भारत सरकारको सहयोगमा नेपालमा जारी विकास परियोजनाको सराहना गरे । उनले ती परियोजनाले दुई देशबीचको जनता जनताबीचको सम्पर्क र द्विपक्षीय सम्बन्धलाई निरन्तर सुदृढ बनाउँदै लैजाने बताए ।
राजदूत श्रीवास्तवले एम्बुलेन्स तथा स्कुल बस नेपालको स्वास्थ्य तथा शिक्षाका क्षेत्रमा गरिएको सहयोग हो भन्दै कार्यक्रम भारत र नेपालबीचको विकास साझेदारीकै एक अंशका रुपमा रहेको जानकारी दिए ।
कार्यक्रमअन्तर्गत सन् १९९४ यता भारतले नेपालका विभिन्न जिल्लाका सङ्घसंस्थालाई नौ सय ७४ एम्बुलेन्स र दुई सय ३४ स्कुल बस उपहारस्वरूप उपलब्ध गराइसकेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन